नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

## इन्धनको मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । भारतबाट मूल्य बढेर आएको बताउँदै निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य एकसाथ बढाएको हो । निगम सञ्चालक समितिको बैठकले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँको दरले मूल्य बढाउने निर्णय गरेको प्रवक्ता मनोज कुमार ठाकुरले जानकारी दिए । बढेको मूल्य मंगलबार बिहान १ बजेदेखि लागू हुने छ ।

● वर्ष २ ● अंक १४६ ● २०८१ साल वैशाख ०४ गते मंगलबार ● Tuesday 16, April 2024 ● सूर्योदय: बिहान ५:४० बजे ● सूर्यास्त: साँझ ६:३० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## यादवले पाँचौँपटक विश्वासको मत लिन पाउलान् ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभा सदस्य सरोजकुमार यादव जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश सभा संसदीय दलका नेता भएपछि मधेश सरकारमा मुख्यमन्त्रीको प्रबल दाबेदार बने । पहिलो मुख्यमन्त्री लालबाबु राउत नै दोहोरिने धेरैको अनुमान फेल खायो । नभन्दै २०७९ पुस २९ गते यादव मधेश प्रदेशका मुख्यमन्त्री बने, शपथ लिए । एक सय सात सदस्यीय मधेश प्रदेशसभाका ६३ सदस्यको समर्थनमा मुख्यमन्त्री बनेका यादव आज मंगलबार चौथोपटक विश्वासको मत लिँदै छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले नै तेस्रोपटक विश्वासको मत लिएकाले यादवले चौथोपटक विश्वासको मत लिइरहँदा धेरै नैतिकताको प्रश्न उठाइरहन परेन । तर स्थिर सरकार सञ्चालनका नाममा पछिल्लो १४ महिनामा चौथोपटक विश्वासको मत लिने तयारीमै उनको यो विश्वासको मत अन्तिम हुनेमा भने शंका उत्पन्न भएको छ ।

सोमबार नै गठबन्धन घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले माओवादी र एमाले नेतृत्वले सहमति तोडेकाले प्रदेश सरकारहरुको घण्टी बजेको बताइसकेका छन् । त्यसमा नेपालले नामै तोकेर मधेश सरकारको पनि नाम लिएका छन् । त्यसैले मधेश प्रदेश सरकारमा मंगलबार यादवले मुख्यमन्त्रीमा विश्वासको मत पाउनेमा यो समाचार तयार पार्दासम्म कुनै समस्या नभए पनि उनको यो अन्तिमपटक विश्वासको मत भने पक्कै होइन भन्ने देखिएको छ । मंगलबार बिहानसम्म कुनै अप्रिय निर्णय भए मंगलबार नै यादवले नेकपा एकीकृत समाजवादीको मत नपाउन पनि सक्छन् । यद्यपि नेकपा एसका संसदीय दलका नेता गोविन्द न्यौपालेले सोमबार साँझ मधेशदृष्टिसँग भने, 'अहिलेसम्म विश्वासको मत दिने नै कुरा छ, कुनै फरक निर्देशन आएको छैन ।'

तर मुख्यमन्त्री यादवले फेरि विश्वासको मत लिनु पर्ने अवस्था छिट्टै आउने पो हो कि भन्ने केन्द्रीय गठबन्धनबीचको असन्तुष्टिले छताछुल्ल पारेको छ । उसो त अब मधेशमा मुख्यमन्त्री नै फेरिने चर्चा शुरु भएको छ ।

मधेश प्रदेश सभामा नेकपा एमालेको २४, जसपाको १९, माओवादीको ९, नागरिक उन्नमुक्तिको एक सिट छ । रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीका एक सांसद छन् । एमाले, जसपा र माओवादीको सरकारमा नेकपा एकीकृत समाजवादी र लोसपा पनि सहभागी छ । यदि केन्द्र गठबन्धनबाट नेकपा एकीकृत समाजवादी पछि हटे कांग्रेसको २३, जनमतको १३, लोसपाको ९ र एकीकृत समाजवादीको ६ सिटका कारणम मधेश प्रदेश सरकार पनि फेरबदलको कित्तामा जानेछ । जनमत, लोसपा र नेकपा एसमध्ये कुनै दल जसपा गठबन्धनमा सहभागी नभए मधेश प्रदेश सरकारमा कांग्रेसको बहुमत पुग्ने देखिन्छ । मधेशको माओवादी पनि जसपासँग असन्तुष्ट छ । नागरिक उन्मुक्ति पार्टी पनि जसपासँग छैन । यस्तो अवस्थामा केन्द्रमा नेकपा एकीकृत समाजवादी गठबन्धनमा नरहे जसपा संकटमा पर्छ भने यसको सबैभन्दा पहिलो असर मधेश प्रदेशमा पर्ने भएकाले मुख्यमन्त्री यादवले फेरि पाँचौँपटक विश्वासको मत लिनु पर्ने हो या मधेशमा मुख्यमन्त्री नै बदलिने हो, केही समयमा देखिने पक्का छ ।

# निजामती विधेयक संघीयताको मर्मविपरीत भन्दै विरोध



सरकारले विधेयकमा निजामती सेवाको केन्द्रीय निकाय संघीय मन्त्रालय रहने प्रस्तावित गरेकामा नेपालको संविधानमा रहेको शक्तिको बाँडफाँड र अनुसूची ६ मा निजामती कर्मचारीको सम्बन्धमा प्रदेशलाई दिइएको अधिकार, धाराहरु १०९, २३१ को (३), ३०४ को व्यवस्था र अन्तर्भावको ठाडो उल्लंघन भएको छ ।

**–वृशष चन्द्र लाल**
अध्यक्ष, तमलोपा



संविधानको दफा ११४, ११५, ११६ मा प्रदेशको मुख्य सचिव संघीय निजामती सेवाको हुने, ऐन प्रारम्भ भएको १० वर्षपछि मात्र प्रदेश निजामती सेवामा अधिकृत बाह्रौँ तह (सचिव) सम्मका पद कायम हुने जस्ता प्रस्तावले प्रदेश र पालिकाको कर्मचारी प्रशासन केन्द्रमै राखिराख्ने षड्यन्त्र गरिएको छ ।

**–रामसरोज यादव,**
मधेश प्रदेशसभा सदस्य



संसदमा आएको विधेयकमा जालझेल पूर्ण तरिकाले आरक्षण व्यवस्था गरिएको छ । आरक्षित सिटमा संख्याको आधारमा आरक्षणको व्यवस्था गरिएको छैन । विधेयक परिवर्तन नभए पहिलादेखि नै जसको संख्या बढिरहेको छ, उनीहरुकै संख्या बढिरहने छ । विधेयक फिर्ता लिई सर्वपक्षीय संयन्त्र निर्माण गरिनु पर्छ ।

**–डा. विजय कुमार सिंह,**
संविधानसभा सदस्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय संसदमा प्रतिनिधि सभामा दर्ता भएको संघीय निजामती विधेयक संघीयताको मर्मअनुरुप नभएको भन्दै जनकपुरधामका राजनीतिक दलका अगुवाहरुले आपत्ति जनाएका छन् । उनीहरुले संघीयता र संविधानको मर्ममाथि नै प्रहार हुने गरी विधेयक आएको बताउँदै यसले संघीयतालाई कमजोर बनाउँदै कर्मचारीतन्त्रमा संघीय सरकारको पकड रहने भन्दै आपत्ति जनाएका हुन् । सोमबार पत्रकार सम्मेलन गर्दै उनीहरुले नेपालको संविधानमा रहेको व्यवस्था विपरीत रहेको भन्दै आपत्ति जनाउदै यसलाई तत्काल



फिर्ता लिएर संविधानको भावनाअनुसार ल्याउन माग गरे ।

तराई–मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)का अध्यक्ष वृषेशचन्द्र लाल, नेपाली कांग्रेसका नेता रामसरोज यादव, तमलोपाका वरिष्ठ नेता डा. विजय कुमार सिंह, नेकपा एसका नेता शीतल झा, वामपन्थी वुद्धिजीवी रोशन जनकपुरीले जनकपुरधामस्थित नेपाल पत्रकार महासंघ धनुषाको सभाकक्षमा पत्रकार सम्मेलन गर्दै नेपाल सरकारद्वारा प्रस्तावित र प्रतिनिधि सभामा विचाराधीन निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० संघीयताको मर्म, भावना र सो अनुसार आवश्यक अनिवार्य तत्वको समेत प्रतिकूल रहेको उनीहरुले बताए ।

तमलोपाका अध्यक्ष एवम् पूर्व राष्ट्रियसभा सदस्य लालले नेपाल सरकारले विधेयकमा निजामती सेवाको केन्द्रीय निकाय संघीय मन्त्रालय रहने प्रस्तावित गरेकामा नेपालको संविधानमा रहेको शक्तिको बाँडफाँड र अनुसूची ६ मा निजामती कर्मचारीको सम्बन्धमा प्रदेशलाई दिइएको अधिकार, धाराहरु १०९, २३१ को (३), ३०४ को व्यवस्था र अन्तर्भावको ठाडो उल्लंघन भएको बताए । उनले संघीयताको भावनाविपरीत आएका कारण यसमा सबै उत्पीडित समुदाय र वर्गको आरक्षणलाई कमजोर बनाउदै उनीहरुलाई प्रवेशमा विभिन्न बाधा उत्पन्न गरेको बताए । उनले विधेयकमार्फत कर्मचारीतन्त्रलाई केही शाब्दिक जामा लगाएर फेरि उही एकात्मक प्रणालीको कर्मचारीतन्त्र नै राखिराख्न खोजिएको बताए ।

कांग्रेसका नेता एवम् मधेश प्रदेशसभा सदस्य रामसरोज यादवले संविधानको दफा ११४, ११५, ११६ मा प्रदेशको मुख्य सचिव संघीय निजामती सेवाको हुने, ऐन प्रारम्भ भएको १० वर्षपछि मात्र प्रदेश निजामती सेवामा अधिकृत बाह्रौँ तह (सचिव) सम्मका पद कायम हुने जस्ता प्रस्तावले प्रदेश र पालिकाको कर्मचारी प्रशासन केन्द्रमै राखिराख्ने षड्यन्त्र गरिएको बताए । उनले मधेश प्रदेश सरकारले आफैँ निजामती कर्मचारी ऐन निर्माण गरिसकेको अवस्थामा अहिलेको सरकारले संघीयताको भावनाविपरीत ल्याएको आरोप लगाए । यादवले सबै समुदाय विधेयकमा एकै ठाउँमा उभिएर अगाडि आउनुपर्ने आवश्यक रहेको बताए । उनले महिलाका नाममा मधेशको महिलालाई समेत रोकिएका कारण आउने दिनमा कर्मचारीमा विभिन्न जातिको प्रतिनिधित्व कमजोर बन्दै पुरानै अवस्था रहने बताए ।

तमलोपाका वरिष्ठ नेता एवम् संविधानसभा सदस्य डा. सिंहले संसदमा आएको विधेयकमा जालझेल पूर्ण तरिकाले आरक्षण व्यवस्था गरिएको बताए । उनले आरक्षित सिटमा संख्याको आधारमा आरक्षणको व्यवस्था नगरिएको बताए । उनले विधेयक परिवर्तन नभए पहिलादेखि नै जसको संख्या बढिरहेको छ, उनीहरुकै संख्या बढ्ने बताए ।

उनीहरुले निजामती सेवासम्बन्धी वर्तमान विधेयक फिर्ता लिई सर्वपक्षीय संयन्त्र निर्माण गरी प्रशासनिक संरचनाका विज्ञहरुसँग परामर्श लिई संविधानको व्यवस्था, संघीयता, समावेशिताका भावना र मर्ममा आधारित कर्मचारीतन्त्र निर्माणको निमित्त नयाँ विधेयक ल्याउन माग गरे ।

## पुनलाई 'सुन'मा छानबिन गर्ने सिआइबीको तयारी



**मधेशदृष्टि**
**काठमाडौँ ।**
पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेशमाथि सुन तस्करी प्रकरणमा पनि अनुसन्धान गरिने भएको छ । सहकारी ठगी आरोपमा पक्राउ परेर इलाका प्रहरी कार्यालय बुटवलको हिरासतमा रहेका पुनलाई अनुसन्धान गर्नु भन्दै केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले पनि पत्राचार गरेको छ । बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा पक्राउ परेर हिरासतमा रहेका पुन छुटे वा पुर्पक्षका लागि कारागार चलान हुने आदेश भए पनि सिआइबी पठाइदिन भन्दै पत्राचार भएको हो ।सिआइबीले चैत २४ गते नै रुपन्देही प्रहरीलाई पत्राचार गर्दै सहकारी ठगी प्रकरण अनुसन्धान सकिएपछि पुनलाई काठमाडौँ पठाउन भनेको छ । यसअघि उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्य अध्यक्ष रहेको आयोगले समेत पुनमाथि पूर्ण छानबिन भएको नदेखिएको भन्दै उनीमाथि अनुसन्धान गर्नु पर्ने उल्लेख गरेको थियो । आयोगले पुनमाथि बयान लिएको थियो । आयोग भन्दा पहिला पनि सुन तस्करीमा पक्राउ परेका चिनियाँसँग सम्बन्ध देखिएपछि सिआइबीले पुनलाई बयानमा बोलाएको थियो ।तर सिआइबीले कागज गराएर उनलाई छाडेको थियो । सिआइबीका अनुसन्धान अधिकृतका अनुसार बयानका लागि बोलाउँदा पुन आफूले चलाउने गरेको एन्ड्रोइड फोन लुकाएर सामान्य फोन बोकेर गएका थिए ।

सहकारी ठगी प्रकरणमा पुनसहित २८ जनालाई प्रतिवादी बनाउँदै सोमबार जिल्ला अदालत रुपन्देहीमा मुद्दा दायर भएको छ । उनीहरूविरुद्ध ६ करोड १ लाख २३ हजार ७ सय ५४ रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

# जेठमा जनकपुरमा जसपाको महाधिवेशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले तोकिएकै मितिमा महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक गरेको छ । पार्टी केन्द्रीय कार्यालय उपत्यकाको बालकुमारीमा सोमबार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले महाधिवेशनका लागि पार्टीको संगठित सदस्यतालगायत वैशाख ३ गतेभित्र संकलन गरिएका अभिलेख मात्रै मान्य हुनेसमेत निर्णय गरेको हो ।

कार्यतालिकाअनुसार वैशाख १० गतेभित्र संगठन विभागले आवश्यकताअनुसार संगठित पार्टी सदस्यतामाथि छानबिन गरी अभिलेख तयार गर्नेछ । संगठित सदस्यतामा त्रुटि देखिए वैशाख १५ गतेभित्र सच्याएर १६ गते संगठित सदस्यताको अभिलेख सार्वजनिक गरिने छ । वैशाख १७ देखि २० गतेसम्म संगठित सदस्यतामाथि उजुरी र २१ गतेदेखि २५ गतेभित्र उजुरीमाथि छानबिन गरिसक्ने समय तोकिएको छ । संगठित पार्टी सदस्यको अन्तिम नामावलीसहितको विवरण वैशाख २६ गते प्रकाशन गर्ने निर्णय भएको छ ।

वैशाख ३० गतेदेखि जेठ १० गतेभित्र राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन गरिसक्नुपर्ने



तालिका सार्वजनिक गरिएको छ ।

त्यस्तै, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतको संयोजकत्वमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्न प्रतिनिधि निर्वाचनसम्बन्धी निर्देशिका तयार गर्न तीन सदस्यीय समिति गठन भएको छ । समितिको सदस्यमा शिवलाल थापा र मनीषकुमार सुमन छन् । पुसमा सम्पन्न केन्द्रीय समितिको बैठकले जेठ २७, २८ र २९ गते जनकपुरमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

# विपद् प्रभावित अधिकारबाट वञ्चित नहुन्: मन्त्री



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले प्रक्रियाको अलमल र ढिलासुस्तीका कारण विपद् प्रभावितहरु आफ्नो अधिकार प्राप्त गर्नबाट वञ्चित नहोऊन् भन्ने विषयमा गम्भीर हुन सम्बद्ध क्षेत्रका अधिकारीहरुसँग आग्रह गरेका छन् । सिंहदरबारमा सोमबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २१औँ बैठकलाई सम्बोधन गर्दै उनले विपद् न्यूनीकरण, विपद्मा परेकाहरुको उद्धार, राहत तथा पुनःस्थापनाका लागि कुनै पनि कारणले ढिला हुन नहुनेमा ध्यानाकर्षण गराए ।

बैठकमा गृहमन्त्री लामिछानेले भने, ‘प्रक्रियामा सहजताका लागि ध्यान दिन जरुरी छ, निर्णय प्रक्रिया ढिला हुँदा र झन्झटिलो हुने गरेका गुनासाहरु आइरहेकाले कसरी छरितो बनाउने भन्नेमा ध्यान पुगोस् । समयमै कार्यसम्पादन गर्न प्रक्रियागत अलमल र कानुनी जटिलताका कारण प्रभावित नागरिक अधिकारबाट वञ्चित नहोस् ।’ उनले आउँदो वर्षाअघि नै विपद् पीडितहरु घरभित्र बस्न पाउन भन्ने चाहना आफ्नो रहेको जानकारी गराउँदै छरितो ढङ्गले काम अघि बढाउन मातहतका अधिकारीहरुलाई निर्देशन पनि दिए ।

पछिल्लो समयमा आगलागीका कारण सैनिक र बालबालिकाको निधन भएकामा दुःख व्यक्त गर्दै गृहमन्त्री लामिछानेले कानुनमा रहने लुप होलका कारण प्रभावितलाई थप पीडा हुनेतर्फ ध्यान दिन आग्रह गरे । बैठकमा गृहमन्त्री लामिछानेले पेस गरेको ‘विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनः निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१’ परिमार्जनसहित स्वीकृत भएको छ । बैठकमा सहभागी सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले प्रभावितहरुको राहत, उद्धार तथा पुनःस्थापनमा समस्या देखिँदै आएको उल्लेख गर्दै त्यसतर्फ चुस्त काम गर्न जरुरी रहेको औँल्याए । उनले विपन्नताका कारण जग्गा जमिन नभएकाहरुको हकमा पनि सरकारबाट उचित व्यवस्थापन गर्न सकिने गरी नीतिनियम बनाउनुपर्नेमा जोड दिए । सो क्रममा गृहसचिव एकनारायण अर्यालले पहिलेकै कार्यविधिमा टेकेर अहिले नयाँ कार्यविधि तयार पारिएको जानकारी दिँदै यसले स्थानीय पालिकामा रिसोर्स नभएको खण्डमा सङ्घीय सरकारले गर्न सक्ने गरी बनाइएको बताए । उनले त्यसको नियमावली कानुन मन्त्रालयमा परामर्शका लागि पुगेकाले एक–दुई दिनभित्रैमा मन्त्रिपरिषद्मा पठाउने जानकारी गराउँदै उक्त नियमावली र कार्यविधिहरु बजेटअघि नै स्वीकृत भएमा तीनवटा सरकारलाई बजेट व्यवस्थापनमा सहज हुने बताए ।

बैठकले पेस गरिएको पश्चिम नेपालमा गएको भूकम्पबाट क्षतिको अवस्थाका बारेमा अध्ययन प्रतिवेदन, खोज उद्धारका लागि हवाई उद्धारमा लागेको खर्च, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालनसम्बन्धी कार्यविधि २०८१ लगायत प्रस्तावहरु स्वीकृत गरेको छ । केही प्रस्ताव भने आवश्यक छलफलपछि अर्को बैठकले स्वीकृत गर्ने गरी बैठक स्थगित गरिएको जनाइएको छ ।

# ‘सञ्चारमाध्यमले सकारात्मक पक्षलाई स्थापित गर्न लाग्नुपर्छ’




**रासस**
**दाङ ।**
सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले सञ्चारमाध्यमले सकारात्मक पक्षलाई जोड दिएर समाचार लेख्नुपर्ने बताएकी छन् । नेपाल पत्रकार महासङ्घ दाङले सोमबारदेखि आयोजना गरेको ‘मिडिया महोत्सव’को उद्घाटन गर्दै उनले सञ्चारमाध्यमले समाजमा रहेका नकारात्मक पक्षलाई प्राथमिकता दिनुभन्दा सकारात्मक पक्षलाई समेट्नुपर्नेमा जोड दिइन् । नकारात्मक भूमिका निर्वाह गरिरहेका व्यक्ति तथा विषय प्राथमिकतासहित आउँदा त्यसले समाजलाई नकारात्मकतातर्फ लैजाने मन्त्री शर्माले बताइन् । सञ्चारमाध्याममा निराशाभन्दा आशाका कुरा बढी आउनुपर्नेमा उनले जोड दिइन् ।

‘समाजमा केही नकारात्मक भूमिका निर्वाह गरिरहेका व्यक्ति पनि हुन्छन् । उनीहरुका विषय प्राथमिकतामा आउँदा समाज नकारात्मकतातर्फ जाने सम्भावना बढी हुन्छ’, मन्त्री शर्माले भनिन्, ‘यसले प्रशासन, पत्रकारितालगायत जुनसुकै क्षेत्रमा राम्रा मान्छे छैनन् भन्ने सन्देश जान्छ । त्यसैले हामीले सकारात्मक विषयवस्तुलाई समाचारमार्फत उजागर गर्न आवश्यक छ ।’ सञ्चारमाध्यामले विदेश जान लाइन लागेका व्यक्तिलाई समावेश गरिरहँदा विदेशबाट स्वदेश फर्किएर स्वरोजगार बनिरहेका, कृषि, व्यापार व्यवसाय तथा अन्य पेसाका माध्यमबाट समाजमा उदाहरणीय बनेका व्यक्तिका विषय समावेश नगर्दा युवापुस्तामा विदेश जान प्रेरणा मिल्ने गरेको मन्त्री शर्माको भनाइ छ । पत्रकार महासङ्घले मुलुकमा गणतन्त्र स्थापनाका लागि सुरुमा आवाज उठाएको भन्दै यसबाट प्राप्त उपलब्धि जोगाउन महासङ्घको भूमिका महत्वपूर्ण हुने उनले बताइन् ।

‘सञ्चारमाध्यम तथा महासङ्घले गणतन्त्र स्थापनामा अहोरात्र कलम चलाउँदा आज हामी लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा परिचित भएका हौँ’, मन्त्री शर्माले भनिन्, ‘सञ्चारमाध्यमले हाम्रो सङ्घर्ष र उपलब्धिका बारेमा नयाँ पुस्तालाई बुझाउन आश्यक छ ।’ गणतन्त्र स्थापनाका साथै मुलुकमा अल्पसंख्यक, दलित, महिला, जनजाति, पिछडिएको वर्ग सत्ता सञ्चालन गर्ने ठाउँमा पुगेको भन्दै यसलाई जोगाउन सञ्चारमाध्यामले भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिइन् । ‘अहिले गलत गर्नेहरु दण्डित भइरहेका छन’, उनले भनिन्, ‘यो गणतन्त्रकै उपलब्धि हो ।’

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको चरणमा रहे पनि पूर्ण कार्यान्वयन हुन नसकेको भन्दै यसमा सबै राजनीतिक दल एकजुट भएर लाग्नुपर्ने मन्त्री शर्माको भनाइ छ । पत्रकारिता क्षेत्रलाई पुनःसंरचना गर्नु आजको आवश्यकता रहेको भन्दै उनले यसका लागि कानुन निर्माण अघि बढिरहेको जानकारी दिइन् । अहिलेसम्म सञ्चारमाध्यम परम्परागत कानुनहरुबाट सञ्चालन भइरहेका भन्दै मन्त्री शर्माले यसलाई पुनःसंरचना गर्नु अहिलेको अपरिहार्य आवश्यकता भएको बताइन् । प्रेस काउन्सिललाई ‘मिडिया काउन्सिल’ बनाएर सबै किसिमका सञ्चारमाध्यमलाई व्यवस्थित गर्ने तयारी भइरहेको उनले जानकारी दिइन् ।

‘आमसञ्चार प्राधिकरणको कानुन पनि अन्तिम चरणमा छ । त्यो गठन भएपछि सञ्चारमाध्यम तथा पत्रकारको क्षमता विस्तारमा महत्वपूर्ण भूमिका खेल्नेछ । साथै सरकारी सञ्चारमाध्यमको पनि पुनःसंरचना हुन आवश्यक छ’, सूचना तथा सञ्चार प्रविधिमन्त्री शर्माले भनिन् । नेपाल टेलिभिजन, रेडियो नेपाललाई एकै ठाउँबाट सञ्चालन गर्नुपर्ने उनको भनाइ छ । सामाजिक सञ्जाल विधेयक मन्त्रिपरिषद्मा लैजाने तयारी भइरहेको भन्दै साइबर सुरक्षा, दूरसञ्चार ऐन संशोधनका लागि अन्तिम तयारीमा रहेको मन्त्री शर्माले जानकारी दिइन् । सोमबरदेखि सुरु भएको महोत्सव मंगलबार (आज)सम्म सञ्चालन हुनेछ । पत्रकार महासङ्घ दाङ शाखाको १२औँ अधिवेशन तथा २२औँ साधारणसभाका अवसरमा मिडिया महोत्सवको आयोजना गरिएको हो ।

# ‘नियमावली संशोधन हुँदा अधिकांश न्यायाधीश चिन्तामा’

**रासस**
**काठमाडौँ ।**
नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) का कारण अधिकांश न्यायाधीश चिन्तामा परेको बताएका छन् । बारमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले उक्त नियमावली संशोधनपछि ९० प्रतिशत न्यायाधीश चिन्तामा परेको भन्दै बार चुप लागेर बस्ने अवस्था नभएको उल्लेख गरे ।

‘न्याय परिषद् नियमावली संशोधनका कारण ९० प्रतिशत न्यायाधीशहरु चिन्तामा पर्नुभएको अवस्था छ’, अध्यक्ष घिमिरेले भने, ‘यस्तो अवस्थामा बार टुलुटुलु हेरेर बस्ने अवस्था रहेन, न्यायाधीशको मर्यादाक्रम, सेवासर्त संविधानमा भएको व्यवस्थाविरुद्ध छ ।’

बारले सर्वोच्च अदालतका न्यायाधीशको कार्यकाल सातवर्षको रहने गरी व्यवस्था गर्नुपर्ने, न्यायपालिकामा हुनसक्ने विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् विचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामसम्बन्धी हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको छ । साथै, अन्य प्रतिवेदन कार्यान्वयनका लागि न्यायपालिकाको पुनसंरचनालगायतका विषयमा आगामी राष्ट्रिय सम्मेलनमा




प्रस्ताव लागि छलफल गरी निर्णय गर्ने उद्देश्यका लागि बरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय अध्ययन तथा सुझाव समिति गठन गरी कार्य प्रारम्भ गरेको जनाइएको छ । उक्त समितिको सदस्यमा बरिष्ठ अधिवक्ताहरूमा मुक्ति प्रधान, सविता भण्डारी बराल, डा चन्द्रकान्त ज्ञवाली, रमेश वडाल, अधिवक्ताहरू खम्मबहादुर खाती, पंकज कर्ण, अधिवक्ता दीपेन्द्र झा र यज्ञमणि न्यौपाने रहेका छन् ।

# नाबालिकालाई वेश्यावृत्तिमा लगाउने पक्राउ

**रासस**
**काठमाडौँ ।**
नेपाल प्रहरीले नाबालिकालाई वेश्यावृत्तिमा लगाउने दुईजनालाई पक्राउ गरेको छ । प्रहरीको मानव बेचविखन अनुसन्धान ब्यूरोले काठमाडौँको चावहिलमा रहेको फ्रेन्डशिप ब्युटी एन्ड स्पामा ललाईफकाई विभिन्न किसिमको प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने दुईजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा झापाकी ३४ वर्षीया पूजा लोवा र चितवनकी ४३ वर्षीय ओमकुमारी पुन रहेका छन् ।ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक गौतम मिश्रले आर्थिक अवस्था कमजोर भएकी नाबालिकालाई रेष्टुरेन्ट तथा स्पालगायत स्थानमा आकर्षक तलब सुविधा हुने काममा लगाई दिने प्रलोभनमा पारेर वेश्यावृत्तिमा लगाएकाले उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । ‘सुरुमा नाबालिकालाई वेटरको काममा लगाई दिने भनी ओमकुमारी पुनले पूर्वी नवलपरासीको एक रेष्टुरेन्टमा पठाई रेष्टुरेन्ट सञ्चालकले ललाईफकाई तथा धाँकधम्की दिई वेश्यावृत्तिमा लगाएको अनुसन्धानमा खुलेको छ’ उनले भने ।

पक्राउ परेकामध्ये लोवाले नाबालिकालाई काठमाडौँ ल्याएर विभिन्न प्रलोभनमा पारेर जबर्जस्ती ग्राहकसँग सम्पर्क राख्न लगाई वेश्यावृत्तिमा लगाएको प्रहरीले जनाएको छ ।

उनीहरुले पीडित नाबालिकालाई ग्राहकको अनुरोधमा विभिन्न होटल तथा गेष्ट हाउसमा पठाओ प्रयोग गरी पठाई वेश्यावृत्तिमा लगाउने गरेको अनुसन्धानमा खुलेको प्रवक्ता मिश्रले बताए । पक्राउ परेका दुवैजनालाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको ब्यूरोले जनाएको छ ।

# मतदाता नामावली अद्यावधिक सुरु

**रासस**
**काठमाडौँ ।**
निर्वाचन आयोगले सोमबारदेखि उपनिर्वाचन हुने इलाम र बझाङबाहेकका जिल्लामा मतदाता नामावली दर्ता र अद्यावधिक सुरु गरेको छ । आयोगले उपनिर्वाचन प्रयोजनका लागि गत फागुन १४ गतेदेखि मतदाता नमावली दर्ता कार्य स्थगित गरेको थियो । आयोगले उपनिर्वाचन हुने इलाम र बझाङमा यही वैशाख २५ गतेदेखि प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट साविकमा झैँ मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य थालिने जनाएको छ । पेसा, व्यवसाय वा अन्य कुनै कारणले आफ्नो स्थायी ठेगाना भन्दा फरक अर्को कुनै जिल्लामा बसोवास गरिरहेका व्यक्तिले नाम दर्ताका लागि आवश्यक प्रमाण सहित प्रि–रजिष्ट्रेशन प्रणालीमार्फत आवेदन गर्न सक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । त्यसरी आवेदन गर्ने व्यक्तिको नाम निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्लामा मतदाता नामावली सङ्कलनको कार्य विगतमा जसरी नै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले गर्ने व्यवस्थालाई निरन्तरता दिइएको उनले जानकारी दिए । मतदाता नामावली अद्यावधिक कार्य सुरु भएसँगै नामावलीमा रहेको नाम, जन्म मिति, नागरिकतासम्बन्धी विवरण, बाबुको नाम, आमाको नाम, पति वा पत्नीको नाम, बाजेको नाम तथा वडाभित्रको मतदानस्थललगायत विवरणमा रहेको त्रुटि सच्याउन सकिने आयोगले जनाएको छ । मतदाताको नामावली सार्न, मतदाताको दोहोरो नाम हटाउन, नागरिकता त्याग, रद्द तथा मृत्यु भई नामावलीबाट नाम हटाउनका लागि निवेदन दिन र झुठा विवरण दिई मतदाता नामावलीमा नाम समावेश भएको भए उजुरी दिनसमेत सकिने आयोगका प्रवक्ता पौडेलले जानकारी दिए ।

# राष्ट्रिय शक्तिबीच एकता आवश्यकः ओली

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकुलाई सुशासन र समृद्धिको बाटोतर्फ लैजान राष्ट्रिय शक्तिबीच एकता आवश्यक रहेको बताएका छन् । नयाँ बानेश्वरस्थित संसद् भवनमा सोमबार भएको सो पार्टीको संसदीय दलको बैठकमा उनले राष्ट्रिय शक्ति मिलेर मुलुकलाई सुशासन र समृद्धिको बाटोतर्फ अगाडि लैजानुपर्नेमा जोड दिए ।

उनले उपयुक्त समयमा वामपन्थी एकता हुने तर पार्टीलाई हानी पु¥याउनेहरुसँग भने एकता नहुने स्पष्ट पारे । अध्यक्ष ओलीले अहिले आफूले वामपन्थी शक्तिहरुलाई जुटाउने मात्र काम गरेको तर केही स्वार्थी तत्वले सधैं आन्दोलनलाई कमजोर बनाउने काम गरेको बताए ।

अध्यक्ष ओलीले संसदीय समितिमा पार्टीको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिए । ‘संसदमा हाम्रो सहभागिता सक्रिय र प्रभावकारी हुनुपर्दछ । गलत निर्णय संसदबाट हुनुहुँदैन ।

भोलिका दिनमा संसदको इतिहास हेर्दा पनि संसदले यस्तो गरेछ भन्ने नहोस’ उनले भने । अध्यक्ष ओलीले समितिमा कुनै विषयमा कहिलेकाहीँ स्वार्थ समूहले प्रभावित गर्ने भएकाले त्यस्ता स्वार्थ समूहका हित हावी भएर राष्ट्रिय हित कमजोर बनाउन नहुने धारणा समेत राखे । उनले सही दिशामा राजनीतिक फर्कदै गरेको अवस्थामा सुदूरपश्चिम प्रदेशमा देखिएको विवादले केही प्रभाव नपार्ने बताए । उनले समृद्ध नेपाल र सुखी नेपाली लक्ष्य पूरा गर्न समाजवाद आवश्यक रहेको बताए । ‘राजनीतिक धेरै बिग्रेपछि जनतामा असन्तुष्टि र अन्योल बढ्छ’ उनले भने ।

उनले एमालेका लागि शक्तिको खेलमा लाग्नुभन्दा मुलुकको राष्ट्रिय हितमा काम गर्नु अहिलेको आवश्यकता भएको बताए । ‘अहिले एमालेले कतिपयले यो वा त्यो मन्त्रालय लिएन भनेर हल्ला चलाएका छन् ।

सबै मन्त्रालय उत्तिकै महत्वपूर्ण छन्’ उनले भने, ‘हाम्रा लागि मन्त्रालय वा पद ठूलो कुरा होइन । मुलुक विकासका लागि नयाँ गठबन्धन जरुरी हो ।’ अध्यक्ष ओलीले कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउनु अहिलेको प्रमुख उद्देश्य भएको भन्दै सोहीअनुसार पार्टीलाई अगाडि बढाउने

बताए । उनले पार्टीका सांसदलाई धेरै विदेश भ्रमण नगर्न सुझाव दिँदै सांसदलाई गल्ती र ठगीबाट जोगिने आग्रह गरे । उनले आगामी आर्थिक वर्षको बजेटका लागि आवश्यक सुझाव पेस गर्न पनि सांसदहरुलाई निर्देशन दिए । अध्यक्ष ओलीले सांसदको काम कानून निर्माण रहेको भन्दै सांसदलाई जथाभावी प्रस्तुत नहुन र पूरा हुन नसक्ने खालका विकास निर्माणका काममा प्रतिबद्धता नजनाउन पनि सुझाव दिए ।



**सूर्यलाई अर्घ दिँदै व्रतालु :** वीरगंजको घडिअर्वा पोखरीमा सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर चैती छठ मनाउँदै व्रतालुहरु । तस्बिरः हिमाल लम्साल /रासस

# ३१० सहकारीको खोजी शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारले लामो समयदेखि सम्पर्कविहीन ३ सय १० सहकारी संस्थाको खोजी शुरु गरेको छ ।

प्रदेश सरकारले २०७९ असोजमा प्रादेशिक सहकारी ऐन जारी गरेको थियो । सहकारी नियमावली फागुन १५ गते जारी भएपछि प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सहकारी संस्था खोजी शुरु गरेको हो । ३ सय १० सहकारी संस्था नभेटिएको मन्त्रालयको भनाइ छ ।

सिरहाका १ सय २१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ सहकारी सम्पर्कमा छैनन् । सम्पर्कविहीन सहकारीलाई ३५ दिनभित्र सम्पर्कमा आउन मन्त्रालयले सूचना जारी गरेको छ ।

यीमध्ये कतिपय सहकारी मन्त्रालयको सम्पर्कमै नरहेको, कतिपयले मासिक विवरण नबुझाएको र कतिपय मासिक विवरण अपलोड गर्ने कोपोमिस प्रणालीमा आबद्ध नभएको, कोपोमिसमा आबद्ध भएकाले पनि प्रतिवेदन पेश नगरेको र पटकपटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको मन्त्रालयको दाबी छ ।

प्रदेश सहकारी ऐन २०७४ र सहकारी नियमावली २०८० लागू भएपछि मधेश प्रदेश सरकारलाई ८ सय २२ सहकारी संस्था हस्तान्तरण गरिएको छ । ती संस्थाले मन्त्रालयअन्तर्गत सहकारी महाशाखामा आफ्नो मासिक प्रतिवेदन बुझाउनुपर्ने प्रावधान छ । प्रदेश सरकारले कानून बनाउन ढिलाइ गरेपछि त्यसको फाइदा उठाउँदै सहकारीहरूले आफूखुशी गर्दै आएका थिए ।

# आलमको मुद्दामा सुनुवाई हुन सकेन

**सञ्जय मिश्रा**
**रौतहट ।**
पूर्व मन्त्री तथा नेपाली कांग्रेसका नेता मोहमद आफताव आलमको मुद्दामा सोमबार पनि सुनुवाई हुन सकेन । रौतहट जिल्ला अदालतले सोमवारका लागि पेसी तोकेको भए पनि प्रतिवादीका कानुन व्यवसायीका कारण सुनुवाई हुन नसकेको रौतहट जिल्ला अदालतका स्रेस्तेदार उद्धव ढोडारीले जानकारी दिए ।

आलमविरुद्धको मुद्दा जिल्ला न्यायाधीश केदारनाथ पौडेलको इजलासमा परेको थियो । नारायणसिंह राजपुतको जाहेरीले आलम, शेख सेराजसहित ११ जनाविरुद्ध विस्फोटक पदार्थ बमसमेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धी कसुरमा दायर मुद्दा लामो समयदेखि अघि बढ्न सकेको छैन ।



१६ वर्षअघि पहिलो संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा २०६४ चैत २७ गते राजपुर बम बिस्फोट र त्यसमा घाइते भएकाहरुलाई इँटाभट्टामा जलाएको आरोपमा उनी पक्राउ परेका थिए । आलम २०७६ असोज २६ गते बिहान गौर चन्द्रपुर सडक खण्डको इद्रिसगेट नजिकैबाट पक्राउ परेका थिए ।

आलमकै निर्देशनमा बनाउन लागिएको बम विस्फोट हुँदा त्यसको छर्रा लागेर घाइते भएकालाई इँटाभट्टामा हालेर मारेको अभियोग उनीमाथि छ ।

चुनावमा बुथ कब्जा गर्नका लागि ल्याइएका बम बिस्फोटमा केही मारिएका थिए भने केही घाइते भएका थिए । बिस्फोटबाट क्षति पुगेको गोठ तत्कालै मर्मत गरिएको थियो भने घाइतेलाई पोलिएको भनिएको इँटाभट्टा केही वर्षपछि बन्द भएको थियो ।

आलमलाई ३२ वर्ष कैद सजाय माग दाबीसहित जिल्ला अदालत गौरमा तीनवटा मुद्दा दर्ता भएको थियो । कर्तव्य ज्यान मुद्दामा २० वर्ष, ज्यान मार्ने उद्योगमा १० र बिस्फोटक पदार्थसम्बन्धी मुद्दामा दुई वर्ष कैद सजाय माग गरिएको थियो । सर्वोच्चले २०६९ जेठ १६ गते मुद्दाको गम्भीरतापूर्वक अनुसन्धान गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न आदेश दिएको थियो । त्यसपछि फैसला कार्यान्वयन निर्देशनालयले जिल्ला प्रहरी कार्यालय रौतहट लाई दोषीमाथि कारबाही प्रक्रिया थाल्न आदेश दिँदै आएको थियो । अदालतको आदेश नमानेको भन्दै पीडित पक्षले २०७३ मा जिल्ला प्रहरी कार्यालय रौतहटविरुद्ध मानहानी मुद्दा दायर गरेका थिए । त्यसपछि निर्देशनालयले २०७५ चैत ८ गते जिल्ला प्रहरी कार्यालयलाई ताकेता गरेको थियो ।

# पत्रकार महासंघ सप्तरीको अधिवेशन वैशाख १६ गते



**मधेशदृष्टि**
**राजविराज ।**
नेपाल पत्रकार महासंघ शाखा सप्तरीले बैशाख १६ गते अधिवेशन गर्ने भएको छ । महासंघ शाखा सप्तरीले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै बैशाख १६ गते अधिवेशन गर्ने जानकारी गराएको हो । शाखाको सोमबार सम्पन्न बैठकले केन्द्रिय परिपत्र अनुसार आगामी बैशाख १६ गते अधिवेशन गर्ने निर्णय भएको सचिव विश्वासद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

अधिवेशनमा केन्द्रीय सर्कुलर बमोजिम २०७९ सम्म सदस्यता नवीकरण गराएका शाखा सप्तरी आवद्ध सदस्यहरूलाई सहभागिताको लागि सोही प्रेस विज्ञप्ति मार्फत आव्हान समेत गरिएको उल्लेख छ भने स्थान भने पछि जानकारी गराउने भनिएको छ ।

# सशस्त्र प्रहरीद्वारा भन्सार छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले वीरगंजका विभिन्न स्थानहरुबाट भन्सार छलीका सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण मातहतका कार्यालयले पर्साका विभिन्न स्थानबाट १३ लाख रुपैयाँ भन्दा बढीका सामान बरामद गरेको जनाएको छ । प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १६ भन्सार गेट आसपासको क्षेत्रबाट ७ लाख ४० हजार ९५५ रुपैयाँ बराबरको किराना सामान, मोटर पार्टस र लत्ताकपडा बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) देवेन्द्र सिंहले जानकारी दिए । डिएसपी सिंहकाअनुसार भारतबाट अवैध रुपमा भन्सार छलीका सामग्री ढुवानीमा प्रयोग गरिएको बि.म.न.पा. १ ह २–००२२ नम्बरको २ लाख मूल्य बराबरको अटो पनि नियन्त्रणमा लिइएको छ । यस्तै सुरक्षा बेश बहुअर्वाभाठाबाट खटिएको टोलिले १२ हजार मूल्य बराबरको पंखा बरामद गरेको छ । बिन्दबासिनी गाउँपालिका वडा नम्बर २ बहुअर्वाभाठामा चेकजाँचको क्रममा ना.६३ प६५१५ नम्बरको मोटरसाइकलबाट पंखा बरामद गरिएको डिएसपी सिंहले जानकारी दिए ।

साथै सुरक्षा बेश बेलवाबाट खटिएको गस्ति टोलीले १ लाख ६७ हजार २८० रुपैयाँ बराबरको भन्सार छलीका लत्ताकपडा बरामद गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ३२ टेडास्थित सडकखण्डबाट लत्ताकपडा बरामद गरिएको सिंहले बताए । सशस्त्र प्रहरीले राजस्व चुहावट नियन्त्रणका लागि कुनै कसर बाँकी नराखेको सशस्त्र प्रहरी बल १३ नम्बर गणका गणपती सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले दावी गरे । खुला सीमा क्षेत्र भएको हुँदा चुनौतीपूर्ण भएपनि सशस्त्र प्रहरी सुरक्षा व्यवस्था कडा पारेर चेकजाँचमार्फत निरन्तर निगरानी बढाएको उनको भनाइ छ । बरामद गरेका भन्सार छलीका सामानलाई वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

# गहुँ किसानले क्षतिपूर्ति पाउने



**मधेशदृष्टि**
**वीरगंज ।**
गहुँ काट्न गएको हार्भेष्टरबाट आगलागी हुँदा पर्साको जगरनाथपुर गाँउपालिकामा झण्डै साढे ६ विगाहा जग्गाको गहुँ बाली नष्ट भएकोमा हार्भेष्टरका संचालकले किसानलाई क्षति पूर्ति दिने भएका छन् ।

जगरनाथपुर गाँउपालिकाको वडा नम्बर ३ खुलुचडी टोलमा गत चैत्र ३० गते गँहु काटने र थन्काउने क्रममा हार्भेस्टर मेशिनबाटै आगलागी भएको थियो ।

आगलागीबाट स्थानीय महमद आसिक अंसारी, नसरुल्लाह अंसारी, सनलुलाह अंसारी, नसरुद्दीन गद्दी, सुभान गद्दी, जुमादीन गद्दी, तैयब अंसारी, महमद सानी अंसारी, इसा अंसारी, मकसुद गद्दी, बिजय गद्दी र करमुल्लाह गद्दीको गहुँबाली जलेर नष्ट भएको थियो ।

स्थानीय फजिल गद्दीको उक्त हार्भेस्टरमा आगलागी भएसँगै किसानको ६ विगाहा १० कठ्ठाको गहुँबाली जलेको थियो । घटना लगतै जगरनाथपुर गाँउपालिकाका अध्यक्ष श्रीकान्त यादव, वडाध्यक्ष सुभाष कुमार यादव तथा स्थानीय अगुवाहरुको भेलाले किसानहरुलाई प्रतिबिघा ५५ मन (२२ क्वीन्टल) गहुँ क्षतिपूर्ति दिने निर्णय गरेसँगै हार्भेष्टरका साहुले पिडित किसानलाई क्षतिपूर्ति दिन सहमति गरेको स्थानिय महमद गनी अन्सारीले जानकारी दिए ।

# वृद्धाश्रमलाई खाद्यान्न सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाँउपालिकास्थित वृद्धाश्रममा उपकार सेवा नेपाल नामक सस्थांले खाद्यान्न सामग्री सहयोग गरेको छ । गाँउपालिकाको वडा नम्बर १ भगवान नगरस्थित वृद्धा आश्रममा सस्थांले खाद्यान्न सामग्री सहयोग गरेको हो । आश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्त मनस्थिति, वृद्धवृद्धा तथा बालबालिकाहरुको लागि खाद्यान्न सामग्री सहयोग गरिएको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिए ।

आश्रममा साबुन, सर्फ, मञ्जन, दाल, चामल, नून, तेल, चिउरा, पिठो, चना, केराउ, चाउचाउ, विस्कुटलगायत विभिन्न साईजको डाईपर, सेनेटरी प्याड, हर्पिक र फिनाईल सहयोग गरिएको थारुले बताए । आश्रमको प्राङ्गणमा एक कार्यक्रम आयोजना गरि संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगीले आश्रमका सदस्य राम बहादुर थिङ्गलाई उक्त सामाग्रीहरु हस्तान्तरण गरेकी थिइन् ।

# औषधीसहित ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजक भन्दा बढीको औषधी तथा खुद्रा सामानहरुलोड रहेको मालवाहक ट्रक नियन्त्रणमा लिएको छ । बिल बिजक भन्दा बढी औषधी तथा खुद्रा सामानहरु बोकेको ना.३ ख ५१६५ नम्बरको माल बाहक ट्रक वीरगंजबाट चितवनतर्फ जाँदै गरेकोको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो । विशेष सूचनाको आधारमा पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नम्बर ८ घण्टाघर चोकस्थित सडकखण्डमा ट्रकलाई रोकी चेकजाँच गरिएको थियो । सो क्रममा ट्रकमा लोड रहेको अवस्थामा बिल बिजक भन्दा बढी औषधी तथा खुद्रा सामान भेटिएको र बिल बिजक संकास्पद देखिएको हुँदा मालवस्तुको ५८ लाख ४६ हजार २ सय ४१ रुपैया मूल्यांकन ट्रक नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । नियन्त्रणमा लिएको सामान तथा ट्रकसहित थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एव डिएसपी कुमार विक्रम थापाले बताए ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको छ । जिल्लाको जीराभवानी, जगरनाथपुर, ठोरी र पटेर्वासुगौली गाँउपालिकामा चैत्र महिनादेखि यो कार्यक्रम संचालनमा आएको हो । जीराभवानी गाँउपालिकाका अध्यक्ष अनोज चौधरीले एक महिनादेखि कार्यक्रम सञ्चालनमा ल्याइएको जानकारी दिए । सो कार्यक्रम अन्त्रतगत एक सय जना नागरिकहरुलाई बाटो, नाला, कुलो मर्मत तथा सरसफाइ लगायतका काममा एक सय दिन खटाइने छ । त्यस्तै, पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेश कुमार चौधरीले यस कार्यक्रमका लागि जनशक्ति छनौट गरिसकेको बताए । पालिकाभित्रका वडा कार्यालयका सिफारिसको आधारमा जनशक्ति छनौट भइ पालिका कार्यालयबाट सम्पूर्ण प्रक्रिया पूरा गरी काममा खटाइएको चौधरीले बताए । स्थानीय तहले पठाएका बेरोजगार नागरिकहरुको तथ्याङ्कको आधारमा कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारले सशर्त अनुदानमार्फत रकम निकासा गर्दछ । सोहीलाई मापदण्डको आधार मानी जनशक्ति परिचालन गर्ने प्रावधान छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत दैनिक पाँच सय रुपैयाँ ज्यालामा एक सय दिन नागरिकहरुले कार्य गर्नु पर्दछ । ठोरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सरकारले पठाएको अनुदानको आधारमा दैनिक ज्यालादारीमा मजदुर खटाइएको बताए । कार्यक्रम अन्तर्गत जनशक्तिलाई नाला, कुलो सरसफाई तथा बाटोघाटो मर्मतका लागि परिचालन गरिएको छ ।

# राम जानकी मन्दिरको शिलान्यास



**मधेशदृष्टि**
**बारा ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २४ हरपुरमा निर्माण गर्न लागिएको श्रीराम जानकी मन्दिरको शिलान्यास गरिएको छ । सोमबार मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष सुरेन्द्र प्रसाद यादवले मन्दिरको शिलान्यास गरेका हुन् । जीतसिमरा उपमहानगर पालिकाको नगरस्तरीय बजेटबाट १५ लाख रुपैयाँको लागतमा हरपुरमा श्रीराम जानकी मन्दिरको निर्माण गर्न थालिएको हो । उपभोक्ता समिति मार्फत मन्दिरको निर्माण गर्न लागिएको र मन्दिरको निर्माण तत्काल सम्पन्न गर्ने गरी सम्झौता गरिएको निर्माण समितिका सदस्य अशोक प्रसाद यादवले जानकारी दिए । शिलान्यास कार्यक्रममा मन्दिर निर्माण उपभोक्ता समितिका पदाधिकारी, सदस्य, स्थानीय समाजसेवी लगायतको सहभागीता रहेको थियो ।

*सकारात्मक कार्यका लागि सकारात्मक दृष्टिकोण जरुरी हुन्छ ।*
*–दलाइ लामा*

## सम्पादकीय

# के गठबन्धन सरकार संकटमा छ ?

*एकातिर दुई पार्टी जनता समाजवादी पार्टी (जसपा) नेपाल र नेकपा एकीकृत समाजवादी पार्टी आफ्नो महाधिवेशनमा जुटेका छन् । अर्कातिर दुवै पार्टीको सहभागिताविना केन्द्र गठबन्धन र मधेशसहित प्रदेश सरकार गठबन्धन धरापमा पर्ने पनि पक्का हो । सोमबार सुदूरपश्चिम सरकार गठनमा नेकपा एकीकृत समाजवादीको धार एमाले र माओवादीको धार भन्दा केही फरक भएपछि यसको असर बागमती, मधेश र अन्य प्रदेशमा पनि पर्ने देखिएको छ । सोमबार नै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धन सदस्य नेकपा एसप्रति तिव्र रोष प्रकट गरे । यता काठमाडौँमा उपलब्ध नेकपा एसका सचिवालय सदस्यहरुसँग अध्यक्ष माधवकुमार नेपालले गठबन्धनको सहमति भन्दा फरक ढंगले नेकपा एमाले र माओवादी, त्यसमा पनि दुई अध्यक्ष केपी ओली र पुष्पकमल दाहाल प्रचण्ड प्रस्तुत भएकाले स्थिति फरक बनेको सुनाए । यसले पनि संकेत गर्छ कि केन्द्र सरकारदेखि प्रदेश सरकारसम्मका गठबन्धन फेरि उथलपुथल निकट छ । प्रदेश सरकार निर्माणमा भइरहेको विलम्बता र त्यसमा माओवादी–एमालेको ढिपीले नेकपा एसलाई अपमान अनुभूत भइरहेको छ । यसको असर भने मधेश प्रदेश सरकारजस्तो बलियो गठबन्धनको आधार भएको जसपालाई पनि पर्ने देखिन्छ । किनभने मधेशमा पनि नेकपा एसको समर्थनबिना जसपाको सरकार बलियो रहने विषय सन्देहमा पर्नेछ ।*

*यता, माधवकुमार नेपालले पनि सोमबार कडै प्रतिक्रिया दिए । उनले भने, 'यो सरकार ढाल्न कुनै षड्यन्त्र गर्नु पर्दैन, इशारा मात्र गरे पनि सरकार ढल्ने अवस्थामा पुगिसकेको छ ।' उनले बोलेको यो कटुपूर्ण वाकपटु तर्क पनि वाम गठबन्धनका नाममा नेकपा एसलाई भित्तामा पु¥याउन एमाले र माओवादीले गरेको कसरतको जवाफ एकमुष्ट दिने योजना देखिन्छ । यसले तत्काल गठबन्धन भत्कने संकेत गरिसकेको छ । मधेश प्रदेश सरकारमा आज विश्वासको मत लिने दिन भनिएको छ । केन्द्रको गठबन्धन भत्के मधेश प्रदेश सरकारले आज विश्वासको मत पाए पनि फेरि भत्कने संकेत गरेको छ । यसले मधेश प्रदेश सरकार नै फेरबदलको संकेतसँगै अर्को विश्वासको मत लिने अवस्था बनेको देखिएको छ । यसले मधेश सरकार सबैभन्दा अस्थिर देखिने छ । जसपाले मधेश प्रदेश सरकारका लागि गरेको मेहनत जस्तै मधेशी जनताको पक्षमा पनि काम कहिले गर्ला भनेर प्रश्न पनि उठ्ने पक्का छ ।*

*नेकपा एमाले र नेकपा माओवादीको गठबन्धनको हतारो सिर्फ माओवादीका लागि राष्ट्रिय सभाको अध्यक्षका लागि थियो भने कांग्रेससँगको गठबन्धन भत्काउनु नै एमालेको मूलध्येय थियो । यसैले यो गठबन्धन भत्किरहँदा प्रमुख घटक जसपा र नेकपा एसको सहज व्यवस्थापन माओवादी र एमालेको प्राथमिकतामा परेन । राष्ट्रिय सभा उपाध्यक्ष, बझाङ उपनिर्वाचन वा इलामको निर्वाचनमा जसपा र नेकपा एसको भूमिका गौण बनाइयो । यस्तै, राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिले मनोनयन गर्ने कोटा पनि एमालेले पक्का ग¥यो । प्रदेशका ३ प्रमुख पनि एमालेले नियुक्त गरिसकेको छ । राष्ट्रिय सभा उपाध्यक्ष पनि पाइसकेको छ । माओवादीलाई राष्ट्रिय सभा अध्यक्ष दिइरहँदा एमालेले लिएको लाभमा जसपा र नेकपा एसलाई साक्षी मात्र बनाइएपछि पक्कै गठबन्धन धरापमा परेको संकेत देखिएको छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# स्वार्थी समाजसेवी र राजनीति



**अफरोज अर्पण**
arpan.afroz786@gmail.com

सहयोगी मनले त एक हातले दिँदा अर्को हातलाई पनि थाहा नहोस् भन्ने हुन्छ । तर, कसैलाई हामीले सहयोग गर्यौं भनेर आफ्नो महानता र दयालुपनको प्रचार गर्दै देखावटी आवरणमा बाचिरहेका छौँ, खोक्रो नाटक मञ्चन गरिरहेका हुन्छौँ । अनि यस्तो कार्यलाई स्वार्थी समाजसेवा न भनेर के भन्ने ?

मानव सभ्यतामा समाज र राष्ट्रको विकास क्रमसँगै अत्यन्त सुनिने शब्दहरु हुन् समाज सेवा र राजनीति । यी शब्दहरु पहिले जसरी प्रयोग हुन्थे आजभोली प्रयोग, परिभाषा, विम्ब र सिद्धान्तमा पनि व्यापक परिवर्तन भएको पाइन्छ । बुद्धिजीवी समाजसेवी बन्नु अनि समाजसेवी राजनीतिज्ञ बन्नु र राजनीतिज्ञ फेरी बुद्धिजीवी बन्नु अहिलेको हाम्रो समाजमा समान्य बनेको छ।

समाजसेवा एउटा बृहत् सामाजिक कार्य हो जसले कुनै संगठन, समुदाय वा समाजलाई बलियो बनाउने, समानता र अवसर प्रदान गर्ने कार्य गर्छ । समाज सुधारका अनेकौ प्रयासलाई निरन्तरता दिन्छ । समाजसेवाका क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, स्वरोजगार, सरसफाई, विकास निर्माण जस्ता पर्छन् । विभिन्न समस्यामा परेकाहरुको उद्दार, पुनःस्थापना, राहत संकलन तथा वितरण जस्ता कार्यहरुलाई छुटाउन मिल्दैन्।

भन्निछ दुनियाँमा स्वार्थ नभएको मानिस नै हुँदैन। निःस्वार्थी मान्छे पाउँन गाह्रो छ। निःस्वार्थ भनेको स्वार्थ रहित जसमा लोभ र कुनै प्रतिफलको आश हुँदैन। स्वार्थ अनेक किसिमका हुन्छन्। राष्ट्रिय स्वार्थ, समाजिक स्वार्थ, सामुहिक स्वार्थ र व्यक्तिगत स्वार्थ । आत्मालाई साक्षी राखी तन, मन, धन र समय खर्चेर कार्य गर्नु कुनै पनि मानिसको पहिलो कर्तव्य, दायित्व र धर्म हो । धर्मले व्यक्तिलाई निःस्वार्थ कुनै सेवामा लाग्न प्रेरित गर्छ । मानव जीवनमा नैतिकता, चरित्रवान र अनुशासन अनिवार्य सर्त हो। ज्ञान र विवकहीन मानिस स्वार्थी हुन्छ।

अब समाजसेवाको कुरा गरौँ, अहिले हामी दखिरहेका हुन्छौँ, हाम्रो समाजमा विभिन्न संघ संस्था खोलेर विभिन्न व्यक्तिहरुले समाजसेवा गरिरहेका छन्। सबै त होइन् तर अधिकांशका लागि समाजसेवा एउटा पेशा भएको छ। समाजसेवाको नाममा व्यक्ति, समूह, समाजलाई ठग्ने धंधा चलाइरहेका छन् । अधिकांश गैर सरकारी संस्था खोलेर एक जनासँग मागेर अर्कोलाई दिने र समाजसेवा गरेको नाममा आफ्ना र आफन्तको घरमा विभिन्न सामग्रीको भण्डार लगाउने गरेको देखिन्छ। समाजसेवा अहिले त आफूँ असल छु, सहयोगि छु, दानी छु, दयालु छु भनेर दुनियाँलाई देखाउने पेशा बनेको छ । आवश्यकता परेका व्यक्तिलाई केही सहयोग गर्दा पनि हामीले दुनियाँलाई देखाउँछौँ। हेर्नुस्, मैले, मेरो संघ तथा संस्थाले फलानोलाई यो सहयोग गर्यो, यति सहयोग गर्यो । कसैलाई केही सहयोग गरेको तस्बिर समाजिक सञ्जालमा पोष्टाइरहेका हुन्छौँ। हामी कसलाई देखाउन सहयोग गरेका हौँ ? सहयोगी मनले त एक हातले दिँदा अर्को हातलाई पनि थाहा नहोस् भन्ने हुन्छ । तर, कसैलाई हामीले सहयोग गर्यौ भनेर आफ्नो महानता र दयालुपनको प्रचार गर्दै देखावटी आवरणमा बाचिरहेका छौँ, खोक्रो नाटक मञ्चन गरिरहेका हुन्छौँ । अनि यस्तो कार्यलाई स्वार्थी समाजसेवा न भनेर के भन्ने ? सडक किनारका असहाय, गरिब, निमुखा, भिखारी, टुहुराको उद्धार गर्दा हामीमा कस्तो भाव हुन्छ। पाकै पनि निःस्वार्थ सहयोगको भाव आनन्दमय हुन्छ । तर स्वार्थी मनले गरेको सहयोगले मनमा विभिन्न किसिमका प्रतिफलको आशा र अपेक्षा हुन्छ। हामीले पकै पनि देखेको हुनुपर्छ, एक किलो फलफुल सहयोग गर्दा एउटा संस्थाका कैयन व्यक्तिले तस्बिर खिचाउन तछाड्मछाड गरिरहेका हुन्छन्। त्यसता तस्बिर देखेर मानवता पनि लजाएको हुन्छ।

विश्वका धैरै देशमा समाजसेवाका धैरै नाम र उदाहरणहरु छन्। नेपालमा पनि सामाजिक सेवा भन्ने गरिए पनि त्यसको बदनाम भएको जस्तो पनि देखिन्छ कहि कतै । कतिपय स्थानमा राम्रो भएको देखिए पनि कतिपय स्थानमा सामाजिक सेवा र समाजसेवाको नाममा भएको बदमासीले गर्दा आम मानिसहरु समस्यामा परेका घटनाहरु पनि छन्। समाजसेवा र समाजसेवीको परिभाषा नै फेर्नुपर्ने अवस्था पनि सिर्जना नहोला भन्न सकिदैन। कतिपय स्थानमा भएका समाजसेवा निकै महत्वपूर्ण र चर्चायोग्य भए पनि कतिपय स्थानमा निहित स्वार्थका लागि गरिएका केही कामलाई समाजसेवाको नाम दिएर प्रचार गर्ने गरिएको छ। आफ्नो स्वार्थका लागि गरिएको कार्यलाई भनिने समाजसेवा र त्यस्तै स्वार्थी प्रवृत्तिलाई दिइने समाजसेवी उपमाले पनि निकै सताउने गरेको पक्कै हो । समाजसेवा नाम र समाज सेवाका लागि हुने कामको पनि अब पहिचान खुल्नुपर्छ।

सामाजिक सेवाको विषयवस्तुले नयाँ विश्वव्यापी मूल्य, नीति र अभ्यासहरू सिर्जना गर्ने दृष्टिकोण र कार्ययोजना प्रस्तुत गर्दछ, जसले सबै मानिसहरूको लागि विश्वास र सुरक्षाका साथै समग्र पृथ्वीको नै दिगो विकासको पैरवी गर्दछ। त्यसैले अबको दिनमा सामाजिक सेवाको दायरा र दायित्वका बारेमा पनि केही बोल्नुपर्ने आवश्यकता देखिन्छ।

अब कुरा गरौँ राजनीतिज्ञले गर्ने समाजसेवाको । नेता तथा कार्यक्रर्ताले गर्ने समाजसेवामा भोटको आशा गरिएको हुन्छ । नेताले भन्ने गरेका छन्, 'मैले त फलानोलाई समस्या परेको बेला सहयोग गरेको छु, उ मेरो मान्छे हो। उसले त मलाई र मेरो पार्टीलाई नै भोट दिन्छ ।' यस्ता शब्द त हामीले पकै पनि सुनेको हुनुपर्छ । अधिकांश राजनीतिज्ञहरु कुनै पनि काम बिना कुनै लोभ लालच गरेका हुँदैनन्। जनताले तिरेको करलाई जनतामा खर्च गर्दा पनि उनीहरुले आफूलाई ठूलो सहयोगी र महान दानी ठान्छन् । यतिसम्म कि अघिपछि कुनै सहयोग नगर्ने उनीहरु चुनावका बेला ठूला दानवीरको मुकुट गलाएर टोल टोलमा सहयोग बाड्न पुग्छन् । भनिन्छ राजनीति समाजसेवा हो। तर किन यो समाजसेवामा स्वार्थको राजनीति मिसाइन्छ। स्वार्थी मनले गरेको समाजसेवाले के मनलाई साचिक्कै आनन्दित बनाउँछ ? यस्तो सहयोगले के समाज र व्यक्तिलाई स्वाभिमानी बनाउन मद्दत गर्छ ? यी र यस्ता प्रश्नले समाजसेवीको मुकुट लगाएका स्वार्थी व्यक्तिलाई पिरोल्दैन ? स्वार्थी समाजसेवीको प्रतिफल अपेक्षित कार्यले निःस्वार्थ समाजसेवामा लागेकाहरुलाई पनि गिज्याइरहेको हुन्छ। अन्त्यमा 'जस करणी तस फल'।

# काठमाडौँको प्रदूषण अझै अस्वस्थ

काठमाडौँ उपत्यको वायु अझै अस्वस्थ रहेको पाइएको छ । मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलो र वर्षा हुन नसक्दा वायुमण्डलमा धुलोको कण रहिरहेकाले वायु अस्वस्थ बनेको हो। एयर क्वालिटी इन्डेक्सका अनुसार आज काठमाडौँ उपत्यकाको वायुप्रदूषण एक सय ५२ एक्यूआइ मापन गरिएको छ । सोमबार काठमाडौँ विश्वको पाँचौँ प्रदूषित सहरका रुपमा सूचीकृत छ।



विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले वायु प्रदूषण नियन्त्रणसम्बन्धी सरकारी नीति राम्रो भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा काठमाडौँ वायु प्रदूषणको हिसाबले प्रदूषित सहरका रुपमा अग्रस्थानमा रहेको बताए। 'काठमाडौँमा बढेको प्रदूषणका कारण जनस्वास्थ्यमा असर गर्न सक्छ । प्रदूषणका कारण विभिन्न रोग लाग्न सक्ने भएकाले नियन्त्रणका लागि पहल गर्नुपर्छ,' उनले भने, 'प्रदूषण नियन्त्रणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न र प्रदूषकलाई कारबाही प्रक्रिया अगाडि बढाउन सक्नुपर्छ र स्थानीय तहलाई पनि सचेत र सबल बनाउन जरुरी छ।'

काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा नेपाल सरकारले निर्धारण गरेको एक्युआइको मान तीन सयभन्दा बढी भएको अवस्थालाई विपद्का रुपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख छ।

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्–चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति छ । प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापनकेन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख छ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ। घरभित्रको वायुप्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणको प्रवद्र्धन गरिनेछ र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीति छ। वातावरण अभियन्ता वर्षा पराजुलीले भएका नीति कार्यान्वयन प्रभावकारी नभए भावी पुस्ताले अझै प्रदूषित वातावरणमा बाँच्नुपर्ने भन्दै सतर्कता अपनाउन र नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिए।

संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउनु नागरिकको मौलिक हकका रुपमा व्यवस्था गरेको छ। काठमाडौँ उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणस्तर खस्किनेक्रम तीव्ररुपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन्। सार्वजनिक 'इन्भाएरोमेन्ट परफर्मेन्स इन्डेक्स' २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायुप्रदूषण बढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ। वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, सैँबु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापनकेन्द्र स्थापना गरेको छ। सेन्ट्रल सिस्टममा डाटा जाने र आमसर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिनसक्ने व्यवस्था मिलाइएको छ। रासस

# झण्झटिलो सेवा र भ्रष्टाचार विकासका बाधकः राष्ट्रपति




**रासस**
**तनहुँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले झण्झटिलो प्रशासनिक सेवा र भ्रष्टाचार विकासका बाधक रहेको बताएका छन् । तनहुँको म्याग्दे गाउँपालिका–४ नारिङ्गेमा निर्माण भएको गाउँपालिकाको प्रशासनिक भवनको सोमबार यहाँ उद्घाटन गर्दै राष्ट्रपति पौडेलले झण्झटिलो प्रशासनिक सेवालाई सहज र सरल बनाउँदै भ्रष्टाचार अन्त्य गर्नुपर्नेमा जोड दिएका हुन् । राष्ट्रपति पौडेलले भने, 'व्यवस्था फेरिएपनि अवस्था फेरिएन भन्नेहरुका लागि एकातिर विकासका गतिलाई तीव्रता दिनुछ भने अर्कोतर्फ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनुको विकल्प छैन ।'
राष्ट्रपति पौडेलले समृद्ध र समुन्नत म्याग्दे बनाउने योजनालाई जनप्रतिनिधि, कर्मचारी र गाउँवासीले सहकार्य गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गरे । सवैधानिक व्यवस्थाअनुसार स्थापित गणतान्त्रिक नेपालको महत्वपूर्ण आधार संरचना स्थानीय तह भएकाले जनताका आकाङ्क्षा पूरा गर्नेतर्फ दृढ रहन उनले आग्रह गरे । विगतमा सिहंदरबारमा केन्द्रिकृत शासन व्यवस्थालाई घरदैलोमा नै ल्याएर सेवा सुविधा दिने स्थानीय तह शासन प्रणालीको बलियो आधार भएको उनको भनाइ थियो । स्थानीय तहका जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउँदै उनले भने, 'देशका कतिपय स्थानीय तहमा भौतिक पूर्वाधार तयार हुन नसकेका बेला यस गाउँपालिकाले आवश्यक जग्गाको व्यवस्थापन गरी सेवासुविधालाई सहज र प्रभावकारी बनाउन सुविधासम्पन्न प्रशासकीय भवन बनाएकामा म धन्यवाद भन्न चाहन्छु ।'
उनले स्थानीय सरकार र जनप्रतिनिधि जति जनतामुखी, लोककल्याणकारी, जनउत्तरदायी भए त्यति स्थानीय जनताको आकांक्षा र आवश्यकता पूरा गर्न सक्षम हुने र त्यति नै हाम्रो शासन व्यवस्थाले परिकल्पना गरेको लक्ष्य साकार हुने बताए । उनले कर्म गर्न र निराश नहुन आम नागरिकलाई अपिल गर्दै विस्तारै विकासका सम्भावनाहरूले देश प्रगतिको बाटोमा अघि बढिरहेकोमा विश्वस्त हुन आग्रह गरे । उनले भने, 'हामीले कर्म गर्ने हो, निराश हुने होइन । नेपालमा विकासको अपार सम्भावना छ र हामी चारैतिरबाट विस्तारै विकासको बाटोमा अगाडि बढ्दैछौँ ।'
राष्ट्रपति पौडेलले पर्याप्त र सक्षम जनशक्ति विकास गरी सेवालाई छिटो बनाउन गाउँपालिकाका सबै सरोकारवाला दत्तचित्त लाग्नेमा आफू विश्वस्त रहेको बताए । गाउँपालिकाका उर्वर भूमि, खोलानाला, पाखापखेराले यसको प्राकृतिक रमणीयलाई मुखरित गरेको बताउँदै गण्डकी प्रदेशको केन्द्र पर्यटकीय राजधानीको नजिकै रहेको म्याग्दे गाउँपालिकामा आउन पाउनु आफ्ना लागि अहोभाग्य ठानेको उनले उल्लेख गरे । अकला र किल्चोक जस्ता धार्मिक स्थलले यहाँको धार्मिक महिमा बढाएको उनको भनाइ थियो । उनले बन्दै गरेको सेती जलाशय परियोजना, अबको योजनामा रहेको तल्लो सेती हाइड्रो, स्तरोन्नति हुँदै गरेको पृथ्वीराजमार्गलगायतका पूर्वाधारले विसतारै सबैतिरबाट सुविधा थपिदै गएको र गिरिजाप्रसाद श्वासप्रश्वास केन्द्रलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास गरिनुपर्ने आवश्यकता औँल्याए ।
नेपालको संवैधानिक व्यवस्थाअनुसार स्थापित सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको महत्वपूर्ण संरचना र आधारस्तम्भका रुपमा रहेका स्थानीय तहहरू हाम्रो जनताका आकांक्षा पूरा गर्ने सरकार अर्थात सिंहदरबार हुन् भन्दै उनले विगतमा सिंहरबारमा केन्द्रिकृत शासनप्रणालीलाई विकेन्द्रित गरी जनताको घरदैलोमा सेवा सुविधा दिने र जनताका दैनिक कार्यसम्पादनलाई सहज, सरल र प्रभावकारी ढङ्गले पूरा गर्ने स्थानीय निकाय हाम्रो शासन प्रणालीको एउटा बलियो आधार भएको स्पष्ट गरे । 'हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा स्वीट्जरल्याण्डको जस्तो 'स्वशासन' र महात्मा गान्धीले कल्पना गरेजस्तो 'स्वराज' को सोच अगाडि राखेर नयाँ राज्य संरचना तर्जुमा गरेका हौँ', उनले भने, 'आज ती सोचहरूले कति साकार रूप लिन गइरहेका छन् र लिनसक्ने हुन् भन्ने कुरा अधिकार प्रत्यायोजनका क्रममा केन्द्रीय सरकारको उदारता एवं लचकता र स्थानीय सरकारको ग्रहणशीलता तथा क्षमतामा बढी निर्भर रहन्छ भनेर म सबैलाई सुझाउन चाहन्छु ।'
श्रमको सम्मान गर्ने संस्कृतिको विकास आवश्यक रहेको बताउँदै उनले कृषि र पर्यटनबाटै यस क्षेत्रको आर्थिक समृद्धिको ढोका खोल्नेमा विश्वस्त रहेको चर्चा गरे । संविधानको भावना र सङ्घीयताको मर्मअनुरुप विकासका कामलाई नतिजामुखी बनाउनुपर्ने राष्ट्रपति पौडेलले जोड दिए । सो अवसरमा राष्ट्रपति पौडेलले भवन निर्माणका लागि जग्गा दान दिने दाताहरुलाई सम्मान गरेका थिए ।

# 'नियम होइन, नियत बदल्नुपर्छ'



> सुशासन र समृद्धि दोबाटोमा बसेर गफ गरेर प्राप्ति हुने विषय होइन । जनताको मन जित्ने गरी काम गर्ने र समयमै कानून बनाएर भरोसा नदिइन्जेल सुशासन र समृद्धि हुन्न । जनतालाई यसरी कतिन्जेल झुक्याउने ?
> **सन्तोष चालिसे,**
> प्रतिनिधिसभा सदस्य

**रासस**
**काठमाडौँ ।**
यतिबेला संसदका गतिविधिमा धेरैको ध्यान केन्द्रित भएको देखिन्छ । यद्यपि अझैपनि पुरानै ढर्रा, सत्ता र प्रतिपक्षबीच घोचपेच, मनमुटाव, जुहारी र बैठक निरन्तर अबरुद्ध हुँदा संसद् र सांसदप्रति जनताको बुझाइ त्यति सकारात्मक रहेको देखिन्न ।सङ्घीय संसदमा यो मेरो पहिलो अभ्यास र अनुभव हो । सबै आ–आफ्नो स्वार्थमा केन्द्रित रहने, पार्टीभित्र पनि गुट उपगुट चल्ने, जनताको समस्या र पीरमर्कामा ध्यान कसैको नहुने कारणले सांसदको ओज र गरिमा खस्केको छ ।
कानून निर्माण मुख्य जिम्मेवारी भएपनि संसद् र सांसदको भूमिका भनेको देश र जनताका धेरै अरु महत्वपूर्ण छलफल गरी निष्कर्षमा पु¥याउने थलो संसद् नै हो ।
जनताका आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत्, सिँचाइ, मलखाद तथा बाढी पहिरो, डुबान, दुर्घटना, आगलागी, सङ्क्रमण र आन्दोलनलगायतका विविध विषयमा गहन छलफल गरी निष्कर्षमा सदन पुग्नुपर्छ । जनताको सार्वभौमसम्पन्न थलो भएकाले सदनमा देशैभरका जनप्रतिनिधिले आ–आफ्नो निर्वाचन क्षेत्र र जिल्लाका समस्या त्यहाँ राख्नुहुन्छ । मुलुकलाई कुन दिशामा कसरी अघि बढाउने भन्ने कानून निर्माण गर्ने मुख्य थलो पनि सदन नै हो । तर त्यो सदनलाई प्रत्येक पार्टीले आ–आफ्नो स्वार्थका लागि चलाउन खोज्दा जनताको आँखामा ठूलो विश्वासको सङ्कट पैदा भएको हो । अहिले २७ भन्दाबढी विधेयक संसदमा छन् । ती फटाफट पारित भए देश र जनताका लागि अघि बढ्ने सन्दर्भमा महत्वपूर्ण काम हुन्थ्यो । तर सदन लामो समयदेखि चल्न सकेन ।

### सांसद चालिसेको परिचय

*काठमाडौँ, गोकर्णेश्वर–९ अरुबारीका स्थायी बासिन्दा सन्तोष चालिसे विस २०३८ मा वडाध्यक्ष भएदेखि राजनीतिमा सक्रिय छन् । विस २०४८ मा नेपाली कांग्रेसमा आबद्ध उनले गाविस उपाध्यक्ष र स्थानीय अरुणोदय माध्यमिक विद्यालय सञ्चालक समितिको अध्यक्ष भई जिम्मेवारी सम्हालेका थिए । विस २०७४ मा गोकर्णेश्वर नगरपालिका प्रमुख हुनुभएका नेता चालिसे विस २०७९ को निर्वाचनमा काठमाडौँ क्षेत्र ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । उनी हाल प्रतिनिधिसभा अर्थ समिति सभापतिको जिम्मेवारीमा पनि छन् ।*

अहिले प्रतिपक्षमा नेपाली कांग्रेस छ । मुलुकभरका धेरै सहकारी सञ्चालकले जनताका दैनिक बचतको पैसा हिनामिना गरी भागेको व्यापक जनगुनासोका आधारमा त्यसमा संलग्न दोषीलाई संसदीय छानबिन गरी कारवाही हुनुपर्छ भनेर नेपाली कांग्रेसले माग गरिरहेको छ । त्यो सन्दर्भमा उठाइएका मुद्दालाई सरकारले लामो समयसम्म हलुकारुपमा लिई बेवास्ता गरेकाले बाध्यभएर संसद् अबरुद्ध गर्नु परेको छ । जनता मर्कामा परेका मूल मुद्दा छिनोफानो नभएसम्म सरकारलाई दबाब दिन सदन अबरुद्ध गर्नु बाध्यता हो । सुशासन र समृद्धि दोबाटोमा बसेर गफ गरेर प्राप्ति हुने विषय होइन । जनताको मन जित्ने गरी काम गर्ने र समयमै कानून बनाएर भरोसा नदिइन्जेल सुशासन र समृद्धि हुन्न । जनतालाई यसरी कतिन्जेल झुक्याउने ? जनताको भलो हुने काम नगर्ने, बजेट नल्याउने, गरिबका मर्का नसुन्ने प्रवृत्ति हाबी छ । सुशासनको नारा घन्काए पनि भ्रष्टाचारका ठूला फाइल खोल्न सकेको अवस्था छैन । कतिपय नेता र जनप्रतिनिधिका गैरजिम्मेवार क्रियाकलापले आफूलाई एउटा सांसद भनेर हिँड्न आज लाज लाग्ने अवस्था सिर्जना भएको छ । जनताले हाम्रो काम गर्लार समस्या सम्बोधन होला भनेर चुनावमा जिताएका हुन् नि !
पार्टीभित्र पनि कतिपय समूहको स्वार्थले राम्रो काम गर्छु भनेर गएको जनप्रतिनिधि नै पनि अप्ठेरोमा छ । पहिलो र दोस्रो विश्वयुद्धदेखि पराइका लागि लड्ने र योगदान दिन सुरु गरेका नेपाली अहिले रुस र युक्रेनबीचको युद्धमा पनि सामेल भइरहेको अवस्था छ ।
जसले कानून बनाएर रोक्न पथ्र्यौ त्यसले रोकेको अवस्था छैन । रोजगारी दिने र गरिखाने वातावरण नभएकाकारण युवा, विद्यार्थीको विदेश पलायन बढ्दो छ । गरिखाने अवस्था नभएपछि नेपाली होनहार युवा परिवार पाल्नका लागि मरे मरियोस् भनेर युद्धमा होमिएका हुन् । त्यसलाई राज्यले गति गम्भीरताकासाथ लिनुपर्ने हो त्यो भइरहेको छैन ।
पार्टीभित्र, सरकार र संसदमा शुद्धीकरणका लागि हामी केही सांसद लागिपरेका छौँ । देशका सबै जनप्रतिनिधि बेइमान र अपराधी छैनन् । निकै लामो मेहेनत र सङ्घर्षका आधारमा एउटा निर्णय ग¥यो, रातारात त्यसलाई उल्टाउने काम हुन्छ । यसले कसैको भलो गर्दैन । केही नेता र नेतृत्वको नियत नबदलिएसम्म मुलुकको शासन व्यवस्था र निर्वाचन प्रणाली जति नै परिवर्तन गरेपनि परिणाम हात पार्न सकिन्न । जनताले राणाशासन, पञ्चायत, बहुदल र गणतन्त्र हेर्ने, व्यहोर्ने र अनुभव गर्ने काम गरिसके । अब योभन्दा बाहेक अर्को के खोज्ने र कसले गर्ने भन्ने प्रश्न हो । हामीले अब नियम होइन, नियत बदल्नुपर्छ ।
मुलुकका तीन तहका सरकारले आ–आफ्नो जिम्मेवारी क्षेत्रभित्रका काम फटाफट गरिदिन कसले रोकेको वा छेकेको छ र ? काठमाडौ निर्वाचन क्षेत्र नं ३ को प्रमुख प्राथमिकता भनेको घरघरमा गुणस्तरीय खानेपानी, आधारभूत निःशुल्क शिक्षा र स्वास्थ्यमा सरकारको लगानी आवश्यक छ । आधुनिक कृषि प्रणालीको विकासमा पनि सरकारले ध्यान दियोस् भन्ने मेरो माग छ । जनता र राष्ट्रको हितमा काम गर्ने हो भने राजनीति र नेतृत्वको कार्यशैली, बुझाई र व्यवहारमा व्यापक शुद्धीकरण र कार्यशैली परिवर्तन हुनुपर्छ । सत्ताको दम्भ सबैले त्याग्नुपर्छ । संसदलाई विधि र कार्ययोजना बनाएर सञ्चालन गरिनुपर्छ । जनताका आधारभूत आवश्यकता सम्बोधनका लागि राज्यलाई घच्घच्याउने काममा सांसदहरुले सदासर्वदा लागिपर्ने अठोट र प्रतिबद्धता जाहेर गर्नुपर्छ ।

# कानुन निर्माणमा सांसद गम्भीर बन्नुपर्छः अध्यक्ष

**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नयाँ संविधान निर्माण भइसकेपछि आवश्यक कानुन निर्माणमा सङ्घीय सांसदहरु गम्भीर हुनुपर्ने बताएका छन् । संसदीय अभ्यास, प्रक्रियाको जानकारी एवं प्रभावकारी भूमिकाको लागि सोमबार यहाँ आयोजित राष्ट्रियसभाका नवनिर्वाचित सदस्यहरुसँगको अन्तरक्रियामा उनले समयमै कानुन निर्माण नगर्दा अन्योल र निराशाको अवस्था आउन दिन नहुने बताएका हुन् ।
अध्यक्ष दाहालले आवश्यक ऐन कानुन निर्माण गरेर संविधान कार्यान्वयनको कार्यभार पूरा गर्न सबै प्रतिबद्ध र इमान्दार हुनुपर्नेमा जोड दिएका थिए । 'अहिले कानुन निर्माणको आवश्यकता र यसको जुन गतिमा काम भइरहेको छ, यसले ठूलो अन्तरविरोध पैदा भएको छ', अध्यक्ष दाहालले भने, 'नयाँ संविधान निर्माण भइसकेपछि जुन गतिमा कानुन निर्माण हुनुपर्ने हो त्यसरी हुन सकिरहेको छैन, यसतर्फ कानुन निर्माणको जिम्मेवारी लिएका सांसदहरु गम्भीर हुनु जरुरी छ ।'
नवनिर्वाचित राष्ट्रियसभा सदस्यलाई लक्षित गरेर आयोजना गरिएको कार्यक्रमले संसदीय अभ्यास र प्रक्रिया बुझ्न महत्वपूर्ण हुने भन्दै उनले सिक्ने काम कहिल्यै नसकिने भएकाले यस्ता कार्यक्रम सबैका लागि नियमित सञ्चालन गर्न आवश्यक रहेको बताए ।
कानुन निर्माणका विभिन्न चरणबारे सिक्न, विधेयकमा छलफल, संशोधन र कानुनी कार्यमा पोख्त हुन बेला बेलामा यस्ता अन्तरक्रिया, गोष्ठी र छलफल हुनु जरुरी रहेको अध्यक्ष दाहालको भनाइ थियो ।
अभिमुखीकरणमा विधेयक निर्माण प्रक्रिया, विधेयकको संसदीय चरण, संशोधन प्रक्रिया, प्रत्यायोजित व्यवस्थापन र सांसदहरुको भूमिकाका बारेमा संविधानविद् काशीराज दाहालले सहजीकरण गरेका थिए । राष्ट्रिय सभाका समिति र निगरानीसम्बन्धी कार्यका बारेमा राष्ट्रियसभाका पूर्वसदस्य राधेश्याम अधिकारी, सङ्घीयता, सङ्घ प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध तथा वित्तीय सङ्घीयताबारे राष्ट्रिय सभाका पूर्वसदस्य डा खिमलाल देवकोटाले प्रस्तुति दिएका थिए ।

# 'महिला सहभागिता बढाउन सुधार आवश्यक'

**रासस**
**काठमाडौँ ।**
प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धिका लागि विद्यमान कानुन र सामाजिक वातावरणमा सुधार आउनुपर्ने बताएका छन् । अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा निर्वाचन आयोग र 'युएन वुमन'द्वारा सोमबार यहाँ आयोजित 'निर्वाचन र महिला ः नेपालका प्रयास, उपलब्धि र आगामी कार्यदिशा' विषयक अन्तक्रिरयाको उद्घाटन सत्रमा प्रमुख आयुक्त थपलियाले कानुनले बाध्यकारी मानेका पदमा मात्रै महिलाको उम्मेदवारी दिने र समग्रतामा राजनीतिमा महिलाको उत्साहजनक सहभागिता नगराउने स्थिति रहेकाप्रति चिन्ता व्यक्त गरे ।
नेपालको पछिल्लो निर्वाचनमा विजयी जनप्रतिनिधिको अवस्था संख्यात्मकरुपमा एसियाली मुलुकभन्दा माथि रहे पनि त्यसले मात्रै नेपालको संविधानको समानुपातिक समावेशीताको मर्मलाई आत्मसात् गर्न नसक्ने प्रमुख आयुक्त थपलियाको भनाइ थियो । 'हाम्रो बुझाइमा राजनीतिमा महिलालाई क्षमताको अवमूल्यन गरिएको छ । उनीहरुलाई अधिकार र अवसरबाट वञ्चित गरिएको छ । समग्रतामा निर्वाचनमा उत्साहजनकरुपमा महिलाको सहभागिता हुने वातावरण बनिसकेको छैन' उनले भने,




'यसमा कतिपय कानुनी अवरोधका पक्ष होलान्, कतिपय स्रोत साधनका सीमा छन् । राजनीतिमा लागेका महिलालाई सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट हिंसा गरिएका उदाहरण पनि भेटिएका छन् । यी सबै अवस्थामा सुधारका लागि अन्तरपार्टी महिला सञ्जाललगायत समूहले थप सहजीकरण गर्नुपर्ने देखिन्छ ।'
हाल स्थानीय तहमा करिब ४२ प्रतिशत, प्रदेश तहमा ३६ प्रतिशत र सङ्घीय संसद्मा ३४ प्रतिशत महिला सहभागिता रहेको छ । निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले निर्वाचनबाट महिलाको अर्थपूर्ण सहभागिताका लागि महिला मतदाता बढाउनुपर्नेमा जोड दिँदै आयोगका तर्फबाट सहभागिता वृद्धिका लागि आवश्यक सहजीकरण भइरहेको जानकारी दिए ।
आयोगका सचिव रविलाल पन्थले नेपालको संविधानको धारा ३४ (४) बमोजिम राज्यका सबै तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुपर्ने भएकाले निर्वाचन व्यवस्थालाई लैङ्गिकमैत्री बनाउन आयोगले काम गरिरहेको बताए ।
'युएन वुमन' का देशीय प्रतिनिधि पत्रिसिया फर्नान्डेजले लोकतन्त्रको आधारभूत पूर्वयोग्यता नै राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता भएकाले यसको प्रवद्र्धन क्रियाशील हुनुपर्ने बताए । विज्ञद्वय गोपालकृष्ण शिवाकोटी र सरु जोशीको प्रस्तुतीकरण रहने उक्त कार्यक्रममा समूहगत छलफलबाट निर्वाचनमा महिला सहभागिता वृद्धि, कानुनी सुधार र स्रोत साधनका विषयमा सुझाव दिइने बताइएको छ ।

# हङकङलाई हराउदै नेपाल सेमिफाइनलमा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल एसिसी पुरुष प्रिमियर कप टि–ट्वान्टी क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको खेलमा हङकङलाई हराउदै नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । ओमानको अल इमिरेट्स क्रिकेट मैदानमा सोमबार भएको खेलमा नेपालले हङ्कङलाई आठ विकेटले पराजित गरेपछि समूह चरणको एक खेल अगावै समूह 'ए'बाट सेमिफाइनमा पुगेको हो । प्रतियोगितामा ६ अङ्क बटुल्दै नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ । यसअघि नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा कतारलाई ३२ रनले हराएको थियो । जितका लागि हङकङले दिएको एक सय १५ रनको लक्ष्य नेपालले १२ दशमलव २ ओभरमा दुई विकेट गुमाउदै पूरा ग¥यो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ४० रन बनाए । उनले १८ बलमा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसैगरी कुशल भुर्तेलले १९ बलमा तीन चौका र दुई छक्काको मद्धतले ३२ रन जोडे । कप्तान रोहित पौडेलले २० बलमा तीन चौकाको मद्धतमा अविजित २५ रन जोडे भने सन्दीप जोराले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा अविजित १९ रन बनाए । हङकङका इसान खान र यासिम मुरर्ताजले समान एक÷एक विकेट लिए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित १७ दशमलव पाँच ओभरमा सवै विकेट गुमाउदै एक सय १४ रनको योगफल बनाएको थियो । हङकङका लागि अन्स्या रथले सर्वाधिक ३४ रनको योगदान दिए । उनले २६ बलमा चार चौका र एक छक्का प्रहार गरे । त्यस्तै जिसन अलिले १४ रन बनाउदा कप्तान निजकात खानले १२ रन बनाए । त्यस्तै इसान खानले ११ रन बनाउँदा त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ नेपालका अभिनास बोहोराले तीन विकेट लिए भने ललित राजबंशी र दीपेन्द्रसिह ऐरीले समान दुई÷दुई विकेट लिए । त्यस्तै करण केसीले एक विकेट लिए ।

एसीसी प्रिमियर कपमा नेपाल समूह 'ए' मा छ । यो समूहमा नेपालसँगै हङकङ, मलेसिया, कतार र साउदी अरेबिया छन् । त्यस्तै समूह 'बी' मा बहराइन, कम्बोडिया, कुवेत, ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) छन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । फाइनल जित्ने टोलीले एसिया कप खेल्न पाउनेछ ।

# आर्थिक परिसूचकहरूले आशा जगाएका छन्ः प्रधानमन्त्री




**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्ला दिनमा देखिएका आर्थिक परिसूचकहरूले समृद्धिमा गुणात्मक आशा जगाएको बताएका छन् । नागढुङ्गा सुरूङमार्ग निर्माण आयोजनाको मुख्य सुरूङ 'ब्रेक–थ्रु' भएको अवसरमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सरकारको नयाँ समीकरणपछि राजस्व सङ्कलनले आर्थिक सुधारको लय समातेको बताएका हुन् ।

'आयातित इन्धन घटाउँदै विद्युतीय सवारीमा प्रोत्साहन, सिमेन्ट निर्यातमा भएको महत्त्वपूर्ण प्रगति, जस्तपाता र स्टीलको निर्यातमा बढोत्तरी, पर्यटक आगमनमा भएको वृद्धि, उपत्यकाबाहिर हाउजिङ र अपार्टमेन्ट व्यवसायको विस्तारले सकारात्मक सन्देश प्रवाह गरेको छ', प्रधानमन्त्री प्रचण्डले भने । उनले भारतलगायत तेस्रो मुलुकमा विद्युत् निर्यातको समझदारी र तयारी, सडक पूर्वाधारमा सुरूङमार्गको नयाँ युगमा प्रवेश, रेमिट्यान्समा वृद्धिका कारण बाह्य व्यापारमा सहजता, सूचना–प्रविधिमा अर्बौंको आइटी सेवा निर्यात, स्टार्टअपमा प्रगतिलगायतका आर्थिक परिसूचकहरूले हामीलाई विकास र समृद्धिको नयाँ युगमा प्रवेशका निम्ति महत्त्वपूर्ण ऊर्जा दिएको उल्लेख गरे । प्रधानमन्त्री प्रचण्डले 'केही हुँदैन' भन्ने निराशाजनक भाष्य चिर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको नयाँ मार्गमा ऐक्यबद्धता जाहेर गर्दै राष्ट्रिय उत्साह सिर्जना गर्न अपिल गरे ।

यही वैशाख १६ र १७ गते अन्तर्राष्ट्रिय लगानी सम्मेलनको आयोजना गरिएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको विकासमा लगानीका सम्भावनालाई अन्तर्राष्ट्रिय मञ्चमा आगामी सम्मेलनले जोड्ने विश्वास व्यक्त गरे । लगानीको वातावरण बनाउनका लागि सरकारले नीतिगत सुधारका कामहरू भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानीलाई प्रोत्साहन र आकर्षित गर्न आवश्यक रणनीतिका साथ अघि बढ्ने सरकारको तयारी रहेको बताए । नेपाल पूर्वाधार विकासको नयाँ गन्तव्यमा प्रवेश गरिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले सुरूङमार्ग निर्माणमा सहयोग गर्दै आएको मित्रराष्ट्र जापान सरकारलाई धन्यवाद व्यक्त गरे ।

**'सुरूङमार्ग निर्माणले राष्ट्रिय लक्ष्य प्राप्तिमा भूमिका खेल्नेछ'**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सडक पूर्वाधारको निर्माण तथा बिस्तार गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सुरूङमार्ग निर्माणले ठूलो भूमिका खेल्ने बताए । पूर्वाधारको क्षेत्रमा सुरुङमार्ग निर्माण महत्वपूर्ण उपलब्धि भएको बताए । 'सडक सञ्जालको माध्यमबाट अन्तरआबद्धता बिस्तार गरी आवागमनमा सहजता, यातायात लागतमा न्यूनता, भौगोलिक तथा जनसाख्यिक सन्निकटता र प्रादेशिक सन्तुलन कायम गर्नेगरी सडक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने राष्ट्रिय लक्ष्यमा यस्ता सुरूङमार्ग निर्माणले ठूलो भूमिका खेल्नेछ', प्रधानमन्त्री प्रचण्डले भने । सुरूङ निर्माणपश्चात् सुरूङमार्गले उपत्यकाबाट बाहिरिने सडकको अवस्था सुधार गरी यात्राको समय र यातायात सञ्चालन खर्च घटाउने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले ट्राफिक र सडक सुरक्षामा सुधार गरी सङ्घीय राजधानी काठमाडौँ र देशका अन्य प्रमुख सहरबीचको सहज यातायात सञ्जालमा योगदान पु¥याउने बताए ।

'यस सुरूङमार्गलाई आधार मान्दै नेपाली माटो सुहाउँदो सुरूङसम्बन्धी दस्तावेज निर्माण हुनेछ', प्रधानमन्त्री प्रचण्डले भने, 'यसले नेपाललाई सुरूङ युगमा पु¥याउन महत्त्वपूर्ण योगदान गर्नेछ ।' उनले आगामी योजनामा राष्ट्रिय राजमार्गहरूमा सुरूङमार्ग, फ्लाइओभर तथा अन्डरपास सहितको आधुनिक सडक सञ्जाल बिस्तार तथा निर्माण गर्ने सरकारको नीति रहने बताए । नयाँ वर्षको सुरूआतसँगै नेपालकै पहिलो सुरूङमार्गको मुख्य सुरूङको 'ब्रेक–थ्रु' गर्ने ऐतिहासिक अवसर प्राप्त भएकोप्रति खुशी व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले पृथ्वी राजमार्गअन्तर्गत नागढुङ्गा क्षेत्रमा हुने गरेको ट्राफिक जाम, उकालो सडक, सडक सुरक्षाका हिसाबले कायम रहेको जोखिम साथै वर्षायाममा हुने पहिरोको उच्च जोखिमलगायतका समस्याहरू समाधान गर्न सुरुङमार्गको कल्पना गरिएको बताए ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक १६ दशमलव ८२ अङ्कले घटेर दुई हजार छ दशमलव ५२ को बिन्दुमा कायम भएको हो ।

सोमबार तीन सय १४ कम्पनीका ७२ लाख २३ हजार सात सय ७३ कित्ता शेयर ५० हजार पाँच सय २४ पटक खरिदबिक्री हुँदा दुई अर्ब ७९ करोड ७५ लाख ७७ हजार चार सय ३२ रुपैयाँ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ६४, उत्पादन तथा प्रशोधन एक दशमलव ५९ र होटल तथा पर्यटन समूह एक दशमलव १५ प्रतिशतले घटेको छ । माछापुच्छ्रे डिभेञ्चर २०८७ को शेयर मूल्य सात दशमलव ०९ र मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै डादी ग्रुप पावर कम्पनी लिमिटेडको १७ करोड ७३ लाख ६८ हजार दुई सय ९५ रुपैयाँ बराबरको पाँच लाख २७ हजार नौ सय २६ कित्ता शेयर किनबेच भएको छ ।

# गाजामाथि दबाब बनाउने इजराइलको सङ्कल्प



**एएफपी**
**गाजा ।**
इजराइलले रातभर गाजामा दर्जनौँ हवाई आक्रमण गरेको हमासले सोमबार बताएको छ । इजराइली सेनाले भने इरानको अभूतपूर्व आक्रमणपछि आफू युद्धबाट विचलित नहुने बताएको छ । यसबाट यस क्षेत्रमा द्वन्द्वको आशङ्का बढेको छ । इरानले शनिबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल आक्रमण गरेपछि विश्व शक्तिहरूले संयमता अपनाउन आग्रह गरेका छन् । यद्यपि इजराइली सेनाले इरानको अधिकांश आक्रमणलाई विफल पारेको बताएको छ ।

यसै महिनाको प्रारम्भमा दमास्कसमा एउटा घातक आक्रमणको प्रतिशोधमा तेहरानले इजराइलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमण सम्पूर्ण क्षेत्रमा महिनौँसम्म भएको हिंसापछि भएको हो । उक्त हिंसामा इरानी 'प्रोक्सी' सहभागी थिए । इजराइलले युद्धग्रस्त गाजा क्षेत्रमा प्यालेस्टिनीहरूको समर्थनमा इरानले काम गरेको बताएको छ । इजराइली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हगारीले आइतबार राति भने, 'इरानको आक्रमणमा पनि हामीले गाजामा आफ्ना बन्धकहरूलाई इरानका प्रोक्सी हमासबाट छुटाउन हाम्रो महत्त्वपूर्ण मिसनलाई एक पल पनि छाडेका छैनौँ ।' मध्यस्थकर्ताहरूले अक्टोबर ७ मा हमासको आक्रमणबाट सुरु भएको युद्धलाई रोक्नका लागि एउटा सम्झौतामा ध्यान दिएका बेला सुदूर दक्षिणी सहर रफाहमा सेना पठाउने इजराइली योजनामाथि आशङ्काहरू बढेको बताएका छन् । रफाहमा गाजाका २४ लाख मानिसमध्ये अधिकांशले शरण लिएका छन् ।

'हमासले अझै पनि गाजामा हाम्रा बन्धकलाई राखेको छ', हगारीले करिब एक सय ३० बन्धकका बारेमा भने । बन्धक बनाइएकामध्ये ३४ जनाको मृत्यु भएको अनुमान गरिएको छ । हमासको आक्रमणपछि उनीहरूले ती बन्धकलाई आफ्नो कब्जामा लिएको इजराइलले बताएको छ । सैन्य प्रवक्ता हगारीले एक ब्रिफिङमा भने, 'रफाहमा हाम्रा बन्धक छन् र उनीहरूलाई घर फर्काउन हरसम्भव प्रयास गर्नेछौँ ।' यस क्षेत्रबाट अधिकांश स्थल सैनिकलाई फिर्ता बोलाएको करिब एक सातापछि सेनाले भनेको छ, 'गाजा मोर्चामा परिचालन गतिविधिहरूका लागि करिब दुई वटा रिजर्भ ब्रिगेडलाई बोलाइँदै छ ।'

हमास सरकारको मिडिया कार्यालयले इजराइली विमानहरूले मध्य गाजामा रातभरमा 'दर्जनौँ' आक्रमण गरेको बताएको छ । घेरिएको क्षेत्रको दक्षिणदेखि गाजा क्षेत्रसम्म तटीय सडकमा इजराइली चेकपोइन्ट पुनः खोलिएको हल्लाले आइतबार हजारौँ प्यालेस्टिनीलाई उत्तरतिर जान प्रेरित गर्‍यो । यद्यपि इजराइलले चेकपोइन्ट खुला भएको भन्ने हल्लालाई अस्वीकार गरेको छ । इरानी आक्रमणपछि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आइतबार आपत्कालीन बैठक बसेको छ । बैठकमा इजराइलले तेहरानविरुछ नयाँ प्रतिबन्धका लागि दबाब दिएको छ । महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्व क्षेत्र 'युद्ध' को सङ्घारमा रहेको चेतावनी दिएका छन् ।

# लगानी सम्मेलनको कार्यतालिका सार्वजनिक

**रासस**
**काठमाडौँ ।**
यहि वैशाख १६ र १७ गते (अप्रिल २८ र २९) काठमाडौँमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलनको दुई दिने कार्यतालिका सार्वजनिक भएको छ । लगानी बोर्डको कार्यालयले दिएको जानकारी अनुसार पहिलो दिन उद्घाटन सत्रसँगै दुईवटा विशेष सत्र सञ्चालन हुनेछन् । 'नेपालमा लगानी अवसरको खोजी' र 'नेपालमा लगानी भएका आयोजनाको सफलता'सम्बन्धी दुईवटा सत्र पहिलो दिन राखिएको छ । दोस्रो दिन तीनवटा समानान्तर सत्र (प्यारालल सेसन) र हरेक सत्रमा तीनवटा समूहगत छलफल (प्यानल डिस्कसन)हुने बोर्डको कार्यालयले जनाएको छ ।

दोस्रो दिनको पहिलो सत्रमा नवीकरणीय ऊर्जाको सम्भावना, नविनतम वित्तीय परिदृश्य, हरित तथा जलवायु उत्थानशील क्षेत्रमा लगानीको अवसर गरी तीन प्यानलमा छलफल हुनेछ ।

त्यस्तै, दोस्रो सत्रमा हरित वित्त तथा दिगो लगानी, पर्यटन क्षेत्रमा लगानी, र नेपालको निर्यात प्रवर्द्धनका लागि कृषि प्रशोधनमा आधारित आपूर्ति शृंखलाबारे छलफल हुनेछ । तेस्रो सत्रमा उत्पादन क्षेत्र नवप्रवर्तन विकास, लगानी तथा व्यवसायिक सहजीकरण र सूचना प्रविधि क्षेत्रबारे छलफल गरिने जनाइएको छ ।

'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट–२०२४' नाम दिइएको सम्मेलन काठमाडौँस्थित सोल्टी होटलमा आयोजना गर्नेगरी स्थान तय भइसकेको छ । सम्मेलनका लागि एक सय ५० हाराहारी आयोजना 'सोकेस'मा लैजाने तयारी छ । यसअघि लगानी बोर्डले एक सय २५ वटा आयोनजा 'सोकेस'मा लैजाने तयारी गरिहेकोमा अहिले निजी क्षेत्र, प्रदेश र स्थानीय तहकासमेत केही आयोजना थपिएको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए । 'निजी क्षेत्र, प्रदेश र स्थानीय तहबाटसमेत सोकेसका लागि प्रस्ताव गरिएका आयोजनासमेत गरेर एक सय ५० हाराहारी पुगेका छन् । निजी क्षेत्र र स्थानीय तहका आयोजनाबारे जानकारी दिने छुट्टै कक्ष र उनीहरुकै जनशक्ति खटाइनेछ', प्रवक्ता उपाध्यायले भने, 'कुन प्रदर्शनी कक्षमा कस्ता आयोजना राख्ने, त्यसको व्यवस्थापन कसरी गर्ने र लगानीकर्तालाई आयोजनाबारे अधितम जानकारी कसरी दिन सकिन्छ भनेर पूर्वतयारी चलिरहेको छ ।' लगानी सम्मेलन स्थलमा २२ देखि २५ वटा कक्ष रहनेगरी तयारी भइरहेको उनको भनाइ छ ।

सम्मेलनका लागि अब १२ दिन मात्रै बाँकी छ । सम्मेलन स्थलको व्यवस्थापन, सुरक्षा व्यवस्था तथा स्वयम्सेवक परिचालन, विदेशी लगानीकर्तालाई विभिन्न आयोजनाबारे जानकारी दिनका लागि कक्ष व्यवस्थापनलगायतका कामको पूर्व तयारी तीव्र बनाइएको उपाध्यायले जानकारी दिए । आइतबार बेलुकासम्ममा ३१ देशका दुई सय ६० भन्दा बढी अतिथि सम्मेलनमा आउने निक्र्योल भइसकेको बोर्डले जनाएको छ । लगानी सम्मेलनका क्रममा तीनवटा परियोजनाको विकास सम्झौता (प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट–पिडिए) गर्ने तयारी भइरहेको र अहिले विकासकर्ता कम्पनीसँग त्यसबारे वार्ता चलिरहेको प्रवक्ता उपाध्यायले बताए । सम्मेलनका क्रममा नेपाल–चीन मैत्री औद्योगिक पार्क, अपर मस्र्याङ्दी–२ जलविद्युत् आयोजना, कोहलपुर तथा वाणगङ्गा सौर्य ऊर्जा आयोजनाको पिडिए सम्झौता हुँदैछ ।

त्यस्तै, डावर नेपाल प्राइभेट लिमिटेडसँग आयोजना लगानी सम्झौता (प्रोजेक्ट इन्भेस्टमेन्ट एग्रिमेन्ट–पिआईए) को तयारी छ । लगानी सम्मेलनअघि प्रधानमन्त्रीको अध्यक्षतामा रहने लगानी बोर्डको बैठक बस्ने तयारी भइरहेको पनि बोर्डले जनाएको छ । सम्मेलनमार्फत् विभिन्न २० वटा आयोजनाका लागि लगानीकर्तासँग आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट–इओआई) माग गरिँदैछ । त्यस्तै, अगाडि बढाउन सकिने सम्भावित आयोजनाका रुपमा 'मार्केट साउण्डिङ प्रोजेक्ट' छ वटा, आयोजना पहिचानको प्रारम्भिक चरणका ३३ वटा, वित्तीय लगानी जुटाउने अवस्थाका २० वटालगायतका आयोजना सोकेसमा लगिँदैछ ।

# बोटसँगै मकै बिक्री भएपछि किसान उत्साहित



**रासस**
**झापा ।**
जिल्लाका विभिन्न स्थानमा गाई फार्म सञ्चालक तथा सहकारीले व्यावसायिकरुपमा साइलेस (पौष्टिक तत्व पर्याप्त हुने घाँस)का लागि ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेका मकै बोटसँगै खरिद गरेका छन् । यसरी उत्पादित मकै बोटसँगै बिक्री भएपछि किसान उत्साहित भएका हुन् । अर्जुनधारा नगरपालिका–७ का सञ्जय खनाल खेतमा लगाएको मकैले बोटसँगै प्रशस्त आम्दानी दिएपछि उत्साहित भएका छन् । एक बिघा जमिनमा लगाएको मकैमा दाना लागेपछि नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले साइलेस बनाउन बोटै खरिद गरेपछि उनी उत्साहित भएका हुन् ।
ग्रामीण क्षेत्रका किसान साइलेसका लागि बोटबाटै मकै बिक्री भएपछि भाँच्नु, नङ्ग्याउनु, छोडाउनु र सुकाउनुपर्ने झन्झटबाट मुक्त भएका खनालले बताए । उनले यसपाली पोलेर खान मिल्ने भएको दुधिलो मकै प्रतिकेजी साढे चार रुपैयाँका दरले ११ हजार केजी खेतबाट बिक्री गरेको जानकारी दिए । मकै सुकाएर बेच्दा भने जस्तो मूल्य पनि नपाउने र लागत पनि बढी लाग्ने हुँदा हरियो मकै साइलेसका लागि बोटैसँगै बिक्री गरिएको भन्दै यसबाट बढी फाइदा भएको खनालले सुनाए । उनले अर्को वर्ष मकैखेती विस्तार गर्ने तयारी रहेको बताए ।
एनएमसीले मेचीनगर नगरपालिका–१४ मा अग्र्यानिक तरकारी खेतीसँगै उन्नत जातका गाईफार्मसमेत सञ्चालन गर्दै आएको छ । सहकारीले १८ लाख केजी मकैको साइलेस बनाउनका लागि धमाधम सूचीकृत भएका किसानको खेतबाटै मकै खरिद गरिरहेको नमूना एकीकृत कृषि फामका संयोजक हिरा पोखरेलले जानकारी दिए । उनले भने, 'आफ्नै गाई फार्मका लागि १२ लाख केजी र बिक्री गर्नका लागि छ लाख केजी मकैको साइलेस बनाउने तयारी गरिरहेका छौँ ।' उनले मेचीनगर, भद्रपुर नगरपालिका, झापा गाउँपालिका, अर्जुनधारा, विर्तामोड नगरपालिका र बाह्रदशी गाउँपालिकाका किसानले उत्पादन गरेका मकै खरिद गर्ने गरिएको गरेको बताए ।
साइलेस घाँसमा पौष्टिक तत्व पर्याप्त हुने गरेकाले पशुको स्वास्थ्यमा पनि कुनै खराबी नहुने मेचीनगर–४ का किसान केदार न्यौपानेले बताए । साइलेस खान पायो भने गाईभैँसीले दूध पनि राम्रो दिने उनको अनुभव छ । साइलेस एकपटक बनाएर वर्षभरि पशुलाई खुवाउन मिल्ने भएकाले पनि गाई किसान यसतर्फ आकर्षित भएका हुन् । जिल्लामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकैको व्यावसायिक खेती हुँदै आएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

# स्ट्रबेरी खेतीबाट आम्दानी लिँदै सुदीप



**रासस**
**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) कावासोती नगरपालिका–७ का सुदीप दवाडीले तीन वर्षदेखि स्ट्रबेरीखेतीबाट राम्रो आम्दानी लिइरहेका छन् । जिल्लामै पहिलो पटक व्यावसायिक स्ट्रबेरीखेती सुरु गर्नुभएका दवाडीले वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।
पहिलो वर्ष दुई लाख लगानीमा सुरु गरेको स्ट्रबेरीखेतीले राम्रो आम्दानी दिन थालेको उनले बताए ।
'यो सिजनमा छ क्विन्टल बढी स्ट्रबेरी स्थानीय बजारमा बिक्री गरिसकेको छु' उनले भने, 'प्रतिकिलो छ सयका दरले बारीबाट बिक्री भएको छ, अझै बिक्रीका लागि तयार हुँदैछन् ।' तराईमा स्ट्रबेरीखेती हुन्छ र यसबाट आम्दानी गर्न सकिन्छ भन्ने धेरैलाई थाहा छैन । दवाडीले तराई भूभागमै स्ट्रबेरीखेती गरेर आम्दानी लिइरहनुभएको छ । उहाँले रोपेको बिरुवामा अहिले स्ट्रबेरी लटरम्म फलेका छन् ।
'प्लास्टिक टनेलमा मल्चिङ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पु¥याउन थोपा सिँचाइको व्यवस्था गरिएको छ' उनले भने, 'स्थानीय बजारसँगै बाह्य क्षेत्रबाटसमेत माग आउन थालेको छ, बारीमै आइ टिपेर लैजाने ग्राहक प्रशस्त आउने गरेका छन् ।'
दवाडीले दुई कठ्ठा क्षेत्रफलमा स्ट्रबेरी लगाउनुभएको छ । हालसम्म तीन लाख बढी आम्दानी गरिसकेको र अझै स्ट्रबेरी बिक्री गर्न बाँकी रहेकाले आम्दानी बढ्ने दवाडीको अनुमान छ ।
'इन्टरनेटका माध्यमबाट खेती गर्ने तरिका सिक्यौँ, कृषि विज्ञको सल्लाह लिएर प्लास्टिक टनेलमा चितवनबाट पहिलो वर्ष आठ सय स्ट्रबेरीका बोट ल्याई रोपेका हौँ' उनले भने, 'यसरी फस्टाउने कल्पना नै गरेका थिएनौँ अहिले दुई हजारभन्दा बढी स्ट्रबेरीका बिरुवा लगाएका छौँ ।'
एउटै बोटमा एक किलोसम्म स्ट्रबेरी फल्ने गरेको छ । आफ्नो घरपरिवारसँगै एक जनालाई रोजगार दिएको दवाडी बताउँछन् । स्ट्रबेरीका नयाँ बिरुवा तयार गरी नर्सरीसमेत बनाइएको छ । उत्पादन भएको सबै फल बिक्री नभएमा प्रशोधन गरी जाम, रस, आइसक्रिम, मिल्क सेक बनाइ बजारमा बेच्न मिल्ने भएकाले जोखिम कम रहेको उनले बताए ।
उनले भाडामै दुई बिघा जग्गा लिएर स्ट्रबेरी, खरबुजा, ड्रागन फल, कागती, बयर, सितलचिनी खेती गरेका छन् ।
ठाउँ र जातअनुसार स्ट्रबेरीका बिरुवा हुर्कनसक्ने कृषि ज्ञानकेन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । 'फूल फूलेको करिब ३० देखि ४५ दिनभित्र फलको विकास हुन्छ र त्यसको १५ देखि २० दिनपछि फल टिप्न लायक हुन्छ' उनले भने, 'हिउँदमा फस्टाउने स्ट्रबेरीको वृद्धि विकासका लागि दिनमा २२ देखि २५ डिग्री सेल्सियस र रातमा ७ देखि १३ डिग्री सेल्सियस तापक्रम सबैभन्दा राम्रो मानिन्छ ।'

# बसाइँसराइको प्रभावले वन डढेलो बढ्दो



**रासस**
**बागलुङ ।**
डोकोभरि स्याउला बोकेर जङ्गल हुँदै घर हिँडेका गोठाला आजभोलि गाउँघरमा देखिँदैनन् । कुनै समय गोठमुनि खात लाग्ने मलखात स्याउला आजभोलि गाउँ छेउको पाखोबारीमै खात लागेको छ । नजिकैको जङ्गलबाट झरेर आउने स्याउला कसैले टिप्दैनन् । गाउँघरमा पशुचौपाय पाल्नेको संख्या घट्दै जाँदा बाँझो बारीको घाँस सुकेको छ । चैत÷वैशाखकको घामले सुकेका स्याउला, झाडी र घाँसकै कारण आगलागीका घटना बढिरहेका छन् । यो वर्षको सुक्खायाम सुरु भएपछि बागलुङका वनक्षेत्रमध्ये ५० प्रतिशतमा आगलागी भइसकेको छ । पाखोबारी, घरछेउका जङ्गल र झाडीबाट सुरु भएको आगो घना वनक्षेत्रसम्म फैलिएका घटना डिभिजन वन कार्यालयमा सूचीकृत छन् । आगलागी हुने प्राकृतिक विपत्ति हो तर आगलागी भइसकेपछि नियन्त्रणमा लिने जनशक्ति गाउँघरमा छैनन् ।
'हिजो मल बन्ने पातपतिङ्गर आज आगलागीका कारण भएरहेका छन्, खेती हुने जमिनमा घाँस र झाडी फैलिँदै जङ्गलमा लागेको आगो घरसम्मै आइपुग्छ', डिभिजन वन कार्यालयका अधिकृत सरोज पन्थीले भने, 'बसाइँसराइका कारण गाउँ खाली हुँदा आगलागीका घटना बढे, आगो समयमा निभाउनसक्ने जनशक्ति पनि छैन् गाउँमा ।' पातपतिङ्गरको उपयोग बढाउने, समयसमयमा झाडी फँडानी गर्ने र पानीका स्रोत बढाउने हो भने आगलागीका घटनामा कमी आउनेमा सामुदायिक वनका उपभोक्ता सहमत छन् ।
'जङ्गलमा लागेको आगो निभाउन सकिन्थ्यो तर हामीसँग पर्याप्त पानीका स्रोत तथा आगो निभाउने औजार छैनन्', रामरेखा सामुदायिक वनका उपभोक्ता कृष्ण शर्माले भने, 'नियम बनाएर तीन÷तीन महिनामा झाडी फँडानी गरौँ, पातपतिङ्गरलाई मलको रुपमा विकास गरौँ । यसमा राज्यले सहयोग गर्नुपर्दछ ।'
कतिपय आगो मानवीय क्रियाकलापमा हुने त्रुटिबाट डढेलो बन्छ भने कतिपय ठाउँमा नियतबस् आगो लगाइन्छ ।
नियतबस आगो लगाउनेलाई कारबाही गर्ने कानूनी व्यवस्था भए पनि सूचनाको अभावमा आगलागी जस्तो आपराधिक घटनामा संलग्न कानुनको दायरामा नआउने प्रहरी उपरीक्षक ऋषिराम कँडेलले बताए । 'घर छेउको जङ्गलमा आगो लाग्दा सबै रमिते हुन्छन् । प्रहरी आएन भनेर आलोचना गर्छन् तर समयमा सूचना दिँदैनन' उनले भने, 'आगलागी गर्ने व्यक्तिका विषयमा सूचना पाए कारबाही हुन्छ । यो कुरा अरुका लागि पनि सिकाइ हुन्छ ।' आगो निभाउनका लागि सूचना ढिलागरी आउँदा जोखिमपूर्ण अवस्थामा बिना बजेट र औजार आगोसँग प्रहरी खेल्नु परेको गुनासो कँडेलले गरे ।
घाँस राम्रो पलाउने, जङ्गली जनावर तथा पन्छीहरुको सहजै सिकार गर्न पाइने लोभका कारण मानव सिर्जित आगलागी बढेको राष्ट्रिय प्रकृति संरक्षण कोष गण्डकी जलाधार, जलवायु उत्थानशिल आयोजना पोखराका अधिकृत सुनिल सापकोटाले बताए । पश्चिमाहरुको सिको गरेर झाडीमा आगो लगाउँदा वन मासिएको उनको भनाइ छ ।
वनजङ्गल, जडीबुटी र वातावरण संरक्षणका विषयमा जनचेतनाको अभावले आगलागीका घटना बढेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । पोखरी, कुवालगायत पानीका स्रोत मासिनु, झाडी तथा बुट्यान क्षेत्र बढ्नु र मानिसमा चेतनाको अभाव हुनुलगायत कारणले प्रत्येक वर्ष घटना दोहोरिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गल बरालले बताए । उनका अनुसार जिल्लामा ढोरपाटन शिकार आरक्ष, तीन राष्ट्रिय वन क्षेत्र र पाँच सय ४० सामुदायिक वन तथा दुई वटा निजी वन छन्भने कयौँ हेक्टरमा सूचीकृत भइ नसकेको निजी वन क्षेत्र छ ।

**उपभोक्ता र सरोकारवालालाई तालिम**

डिभिजन वन कार्यालय आयोजना र राष्ट्रिय प्रकृति संरक्षण कोष गण्डकी जलाधार, जलवायु उत्थानशील आयोजनाको सहयोगमा वन डढेलो व्यवस्थापनसम्बन्धी एकदिने तालिम सम्पन्न भएको छ । बढ्दो डढेको नियन्त्रणका लागि सामुदायिक वनका उपभोक्ता तथा सरोकारवालाका लागि डढेकोका कारण मानव जीवन र वातावरणमा परिरहेको प्रभाव तथा डढेको नियन्त्रका लागि अपनाउनु पर्ने सतर्कताका विषय तालिममा जानकारी गराइएको थियो । साथै कार्यालय परिसरमा आगो नियन्त्रणको अभ्यास पनि गराइएको थियो ।

# तीन पुस्तादेखिको कटुवाल पेसा धान्दै मनबहादुर

**रासस**
**गोरखा ।**
नेपाली समाजमा पहिला पहिला गाउँघरमा सूचना दिन कुनै माध्यम नहुँदा घरघरमा सूचना पु¥याउन कटुवाल राख्ने चलन थियो ।
मेला पर्व होस् वा गाउँभरि पूजाआजाका लागि सूचना दिनुपरे सबैले सुन्न सक्ने गरी गाउँको बीचमा पर्ने अलि अग्लो डाँडामा गएर कटुवाल कराएपछि त्यसैलाई गाउँलेले आधिकारिक सूचना मान्ने चलन थियो । उक्त चलन अब भने केही ठाउँमा मात्र कायम छ । गोरखाको बारपाक सुलिकोट गाउँपालिका–६ स्थित माइकोट कोर्थोकका मनबहादुर दर्जीले कटुवाल पेसा गर्दै आउनुभएको करिब तीन दशकभन्दा बढी भइसक्यो । हजुरबुबा र बुबाले गरेको पेसालाई पछ्याउँदै उनी पनि उमेरमै कटुवाल पेसामा जोडिए ।
माइकोट मन्दिरमा गरिने विशेष पूजा र मेला पर्व परेपछि मनबहादुर एकदुई दिनअघि नै हातमा माइक बोकेर गाउँका डाँडाडाँडामा पुगेर कराउँछन् । गाउँको खबर गाउँलेका घरघरमा पु¥याउँछन् । उनलाई कटुवाल कराउने दिन जहिले बिहानै हतार भइसकेको हुन्छ । पूरै गाउँ डुलेर कटुवाल कराएर घर फर्कदा साँझ पर्ने भएकाले पनि बिहान सकभर ६ बजे नै निस्किने गरेको मनबहादुर बताउँछन् । 'गाउँको उल्टे, बाँकोट, मैलुम हुँदै भालुस्वाँरसम्म एकैदिन हिँडेरै ११ ठाउँमा पुगेर कटुवाल कराउनुपर्छ' उनले भने, 'बिहान चाँडै उठेन भने भ्याउन मुस्किल पर्छ ।' मनबहादुरको कटुवाल पेसा मात्रै पुरानो होइन । उहाँले पाउने पारिश्रमिक पनि अझैसम्म पहिलाकै छ । 'हाम्रो परिवारको म मात्र होइन, तीन पुस्तादेखि नै कटुवाल पेसा गर्दै आएका छौँ' उनले भने, 'बाजेले गरे, बाउले गरे अहिले मैले पनि गर्दैछु ।' कटुवाल कराएबापत मनबहादुरले गाउँका सबै घरबाट गरेर वर्षमा करिब–करिब चार मुरी जति कोदो र दसैँमा प्रत्येक घरबाट एक भाग खानेकुरा पाउँछन् ।
'गाउँलेले घरैपिच्छे वार्षिक चार मानाका दरले कोदो दिन्छन्', मनबहादुरले भने, 'त्यहीँ खायो, काम ग¥यो ।' चैतेपूजा, कात्तिके पूजालगायतका पूजा पर्वमा कटुवाल प्रथासँगै राँगो बोका खोज्ने जिम्मा पनि आफ्नै हुने उनको भनाइ छ ।
'मूल्य निर्धारण समितिले मूल्य तय गरेर पैसा दिनुहुन्छ', मनबहादुरले भने, 'त्यसैअनुसारले गाउँ डुलेर राँगा, बोका खोज्ने काम पनि मेरै हुन्छ ।' पुरानो कटुवाल पेसाले आफ्नो परिवारको गुजारा जसोतसो चलेको मनबहादुर बताउँछन् । 'अन्त गएर जागिर खाएको भए त पेन्सन भइसक्थ्यो' उनले भने, 'यही पेसाले नै परिवार पालेको छु ।' लामो समयदेखि कटुवाल गर्दै आएका उनलाई आजभोलि भने अन्न बालीभन्दा पनि काम गरेबापत नगद पाउन पाए हुन्थ्यो भन्ने लागेको छ ।
'वर्षमा अन्नबापत जति आउँछ बरु त्यही अनुसारको पैसा दिए राम्रो हुन्थ्यो', मनबहादुरले भने, 'अहिले त वर्षमा करिब चार मुरी जति कोदो कटुवाल गरेर सङ्कलन गर्ने गरेको छु ।' कटुवाल पेसा गरेरै गाउँलेको सेवा गर्न पाएकामा उनी गर्व गर्छन् ।
गाउँलेले आफ्नो कुरा सुन्ने र मान्ने गरेकामा पनि खुसी लाग्ने गरेको मनबहादुर बताउँछन् । 'पूजाआजाका दिन मैले कटुवाल कराएपछि गाउँलेले घरमा पूजाका लागि घूप, अक्षेता उठाएर मन्दिरमा ल्याउँछन्' उनले भने, 'त्यो दिन खनजोत, गोडमेलको काम छ भने पनि थाँती राखेर आउँछन् ।' पछिल्लो समय भने गाउँलेले उपलब्ध गराएको माइक लगाएर बोल्न पाएपछि अलि सजिलो हुन थालेको मनबहादुरको भनाइ छ ।
गाउँपालिकाको तालकोटस्थित प्रसिद्ध माइकोट मन्दिरमा विभिन्न समयमा सञ्चालन हुने पूजाआजाका लागि गाउँलेलाई जानकारी दिन त्यहाँ कटुवाल राख्ने चलन रहँदै आएको बारपाक सुलिकोट गाउँपालिकाका प्रवक्ता जीतबहादुर नेपाली बताउँछन् । 'माइकोट मन्दिरमा विशेष पूजाआजा गर्दा गाउँका सबैले पूजा बार्ने चलन अहिले पनि छ' उनले भने, 'उक्त मन्दिरमा कात्तिके पूजा, चैते पूजा, दसैँको पूजालगायतका मेला पर्वलाई लक्षित गरी दुई कटुवाल राख्ने यहाँको पुरानो परम्परा हो ।' मन्दिरमा पूजाआजाको सूचना दिन अहिले पनि कटुवाललाई जिम्मेवारी दिइँदै आएको नेपाली बताउँछन् ।

# डोली यात्राको सम्पूर्ण तयारी पूरा



**मधेशदृष्टि**
**वीरगंज ।**
देशकै प्रमुख शक्तिमीठ मध्ये एक रहेको वीरगंजको गहवामाईको निशानसहितको प्रथम डोली यात्राको सम्पूर्ण तयारी पूरा भएको छ । गहवामाई मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र कुमार साहको नेतृत्वमा बैशाख ४ गते मंगलबार चैत्र नवरात्रको अष्टमी तिथिमा हुन गइरहेको डोली यात्रालाई अपरान्ह ४ बजे नगर परिक्रमा गराइने छ । सो डोली यात्रा शुरु हुनु अघि दिउँसो २ बजेदेखि दुई घण्टा डोलाको पूजाआजा गरिसके पछि अपरान्ह ४ बजेदेखि डोली यात्रा शुरु हुने छ । नगर परिक्रमा पछि साँझ ६ बजे पुनः मन्दिर परिसरमा डोली भित्र्याई कार्यक्रम समापन गरिने जनाइएको छ ।

डोली यात्राका लागि भक्तजनलाई सहभागी भएर यात्रा सफल गरिदिन मन्दिर सञ्चालक समितिले आग्रह गरेको छ ।

डोली यात्रा गहवामाई मन्दिरबाट सुभारम्भ भएर २ नम्बर रोडबाट हुँदै गणेशमान चोक, बिर्तामाई मन्दिर, अलखिया मठ, महाबिर मन्दिर, घन्टाघर हुँदै पुनः गहवा माई मन्दिर प्राङ्गणमा आएर समापन हुने मन्दिर सञ्चालक समितिका महासचिव विजय कुमार उपाध्यायले जानकारी दिए । गहवामाईको पहिलो पटक निकाल्न लागिएको डोली यात्रामा चन्दा नउठाइ ईच्छुक दाता र भक्तजनको सहयोगमा कार्यक्रम सम्पन्न गर्न लागिएको अध्यक्ष शाहले जानकारी दिए । डोली यात्राका लागि ८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।



**गोरुगाडा :** सर्लाहीको हरिपुर नगरपालिका–२ स्थित मलङ्वा–नवलपुर सडक खण्डमा सोमबार गहुँको भुस बोकेर गन्तव्य तर्फ जाँदै गरेको गोरुगाडा । सामान ओसार–पसारका लागि प्रयोग हुने गोरुगाडा आधुनिकतासँगै हराउँदै गएको छ । तस्बिर: सिंगबहादुर थापा/रासस

# पूर्व सांसद साहमाथि आक्रमण तीन जना पक्राउ



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा जनता समाजवादी पार्टीका पूर्वसांसद प्रमोद साहमाथि आक्रमण भएको छ । आइतबार राति सर्लाहीको हरिपुर नगरपालिका वडा नम्बर ६ मा उहामाथि आक्रमण भएको हो । आक्रमणबाट पूर्वसांसद साहको टाउकामा चोट लागेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी रवीन्द्रबहादुर सिंहका अनुसार आइतबार राति १२ बजेतिर मकै बालीमा पानी लगाएर घर फर्किंदै गरेका बेला साहमाथि आक्रमण भएको हो । शुरुमा पूर्वसांसद साहका कामदार राजेन्द्र महतोमाथि आक्रमण भएको थियो । पछि पूर्वसांसद साहमाथि पनि आक्रमण भएको बुझिएको छ । आक्रमणमा परेर रवि पासवान र निकेश साह पनि घाइते भएका छन् । आक्रमणबाट घाइते भएका साहको हरिपुरकै अमृत हेल्थकेयरमा प्रारम्भिक उपचार भएको थियो । कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा आर्यन चौधरी, सिद्धान्त चौधरी र सरोज माझी रहेका छन् ।

# सांसद यादवद्वारा वडा कार्यालय उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) का संघीय सांसद एवं प्रमुख सचेतक प्रदीप यादवले वीरगज महानगरपालिका वडा नम्बर २१ मा नवनिर्मित वडा कार्यालयको उद्घाटन गरेका छन् ।



सोमबार एक कार्यक्रमका बिच जसपाका प्रमुख सचेतक एवं सांसद यादवले उद्घाटन गरेका हुन् ।

भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले आफ्नै भवन निर्माणसँगै वडा कार्यालयबाट हुने सेवा प्रवाहमा सहजता आउने विश्वास व्यक्त गरे । उनले जनतासँग प्रत्यक्ष रूपमा काम गर्ने सरकार भनेकै स्थानीय तह भएको बताउँदै गुणस्तरीय र जनअपेक्षाअनुसार सेवा प्रदान गर्न जनप्रतिनिधिलाई आग्रह समेत गरे ।

पूर्व वन तथा वातावरण मन्त्रीसमेत रहेका यादवले एक फरक प्रसङ्गमा बोल्दै सङ्घ सरकारले वीरगंज महानगरलाई हेपेको आरोप लगाए ।

मधेश प्रदेशको एक मात्र महानगर वीरगंज भएर पनि सङ्घ सरकारले वीरगंजका लागि आवश्यक रकम नपठाई विभेद गरेको आरोप लगाए । कार्यक्रममा वडाध्यक्ष राधाकृष्ण साह रौनियारले वडा कार्यालयको भवन निर्माण भएपछि आफ्नो सपना पूरा भएको बताए ।

महानगरको नगर स्तरीय योजना अन्तर्गत एक करोड सात लाख रुपैयाँको लागतमा १२ कोठाको दुई तल्ले वडा कार्यालय भवन निर्माण गरिएको हो ।

# ३२ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले यही वैशाख ६ र ७ गते बालबालिकालाई 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गर्दै छ । स्वास्थ्य तथा जनसख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको पोषण शाखा प्रमुख लीलाविक्रम थापाले 'राष्ट्रिय भिटामिन 'ए' को सबै तयारी पूरा भएको जानकारी दिए ।

उनका अनुसार भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने छ । उनले भिटामिन 'ए' करिब ३२ लाख बालबालिका र जुकाको औषधि करिब २९ लाख बालबालिकालाई खुवाइने बताए ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो ।

उनले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयम्सेविका र १० हजार स्वास्थ्यकर्मी खटिने बताए ।

पोषण शाखा प्रमुख थापाले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमसँगै सोही दिन खोप लगाउन छुटेका बालबालिका खोप पनि लगाइने बताए ।

'भिटामिन ए र जुकाको औषधि खुवाउन आएका अभिभावकलाई तपाईंको बच्चाले कुनै खोप लगाउन छुटेको छ कि छैन भनेर महिला स्वयंसेविकाले सोध्ने गर्दछन्' उनले भने, 'यदि खोप लगाउन छुटेको हो भने नजिकैको स्वास्थ्य संस्थामा गई खोप लगाउन महिला स्वयंसेविकाले अनुरोध गर्दछन् ।' सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

# असईमाथि काठ चोरी गरेको आरोप

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित एक जना बहालवाला नेपाल प्रहरीका असईले सहकारीको काठ चोरेको आरोपमा स्थानीयले प्रहरी चौकी घेराउ गरेका छन् ।

चन्द्रपुर नगरपालिका ८ सन्तपुर प्रहरी चौकीका प्रमुख असई दिनानाथ प्रसाद यादवले सहकारीको काठ चोरेको आरोपमा स्थानीयले सोमबार बिहान केहीबेर प्रहरी चौकी घेराउ गरेका थिए । प्रहरी कम्पाउन्डमै स्टक गरी राखिएको १०÷१२ वटा पुरानो सालको चिरान काठ (सस्तिर) असई यादवले फर्निचर बनाएर आफ्नो घर लगेको भन्दै स्थानीयले प्रहरी चौकी घेराउ गरेका हुन् । चन्द्रपुर ८ का वडा अध्यक्ष जितेन्द्र चौधरीले प्रहरी चौकीसँगै रहेको कवडहलबाट निकालेर प्रहरी चौकीको कम्पाउन्डमै राखिएको सालको पुरानो चिरान काठ एक दर्जन जति सस्तिर असई यादवले व्यक्तिगत काममा लगाएकाले क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् ।

घटनाको यथार्थ छानविनको लागि दवाब स्वरूप केहीबेर प्रहरी चौकी घेराउ गरिएको वडा अध्यक्ष चौधरीको भनाइ छ ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर गायत्री राज शर्माले घटनाबारे जिल्ला प्रहरी कार्यालयले छानबिन शुरु गरेको जानकारी दिए । असई यादवको गल्ती ठहर भएमा नियमानुसार कारबाही हुने इन्स्पेक्टर शर्माले बताए ।




# बाह्र वर्षीय बालकले बनाए स्कुटर

**रासस**
**तनहुँ ।**
तनहुँको शुक्लागण्डकी नगरपालिका–४ दुलेगौँडाका १२ वर्षीय बालक निश्चल रिमालले विद्युतीय स्कुटर बनाएका छन् । स्थानीय नेपाल पुलिस स्कुलमा कक्षा ५ मा अध्ययनरत रिमालले ७५ हजार रुपैयाँमा एक सातामै विद्युतीय स्कुटर बनाएर सफल परीक्षण गरेका हुन् । महँगो इन्धनको विकल्पमा विद्युतीय स्कुटर बनाउने इच्छा जागेकाले सात दिनमै सफल भएको रिमालले बताए । आफ्नो योजनामा बुबा नारायण रिमालले साथ दिएकाले सम्भव भएको उनको भनाइ छ । एकपटक पूर्णरुपमा चार्ज गर्न करिव डेढ घण्टा लाग्ने र करिब १० किलोमिटर यात्रा तय गर्न सकिने स्कुटर बनाएको निश्चलको भनाइ छ ।

'विद्युतीय स्कुटर बनाउन सात दिन लाग्यो', निश्चलले भने 'मानिस आएर हौसला दिनुभएको छ । झनै आत्मबल बढेको छ, अब विद्युतीय कार बनाउने योजनामा छु ।' निश्चलले स्कुटरमा मोटर, चार्जर, स्कुटरको पाङ्ग्रालगायत उपकरण जडान गरेका छन् । छोराले सानै उमेरदेखि पढाइको अलावा बिग्रिएको पत्ति, घडी, मोबाइल मर्मत गर्दै आएको बुबा नारायणले जानकारी दिए । छोराले आवश्यक सामग्री अनलाइनमार्फत खरिद गर्न माग गरेकाले आफूले सोहीअनुसार सहयोग गरेको उनको भनाइ छ । छोराले विद्युतीय कार बनाउने इच्छा व्यक्त गरेको र आफूले सकारात्मक प्रतिक्रिया दिएको उनले बताए । 'छोराले अब विद्युतीय कार बनाउँछु भनेको छ', नारायणले भने, 'अब कार बनाउन पनि सकेको सहयोग गर्छु ।'

नेपाल पुलिस स्कुलका प्रधानाध्यापक पुष्प रायक्षेत्रीले विद्यालयको अतिरिक्त कृयाकलापमा विद्युतीय उपकरण बनाउन निश्चल अग्रसर रहने गरेको बताए । निश्चलको क्षमतालाई बढावा दिन विद्यालयले सृजनात्मक वातावरण तयार गर्ने गरेको प्रधानाध्यापक रायक्षेत्रीको भनाइ छ ।

'पाँच कक्षा पढ्ने १२ बर्षीय बालकले बनाएको विद्युतीय स्कुटर देखेपछि हामी पनि छक्क परेका छौँ', प्रधानाध्यापक रायक्षेत्रीले भने, 'उनको क्षमतालाई अझै कसरी प्रस्फुटन गर्न सकिन्छ भन्नेमा हामी अग्रसर रहनेछौँ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन